परराष्ट्रमन्त्री डा राणा चीनको औपचारिक भ्रमणमा जानुहुँदै | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ •अंक १८२ •२०८१ साल मंसिर १३ गते बिहीबार (28 November, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–


# महोत्तरी र पर्सा सीडीओलाई स्पष्टीकरण

## विवादित छवि भएका कवारी र जथाभावी बोल्ने अर्याल

**टुडे समाचारदाता**

जनकपुरधाम । विवादित छवि भएका महोत्तरीका प्रमुख जिल्ला अधिकारी (सीडीओ) लालबाबु कवारीको संलग्नतामा घुसखोरी व्याप्त बढेपछि गृहमन्त्री रमेश लेखक स्वयम्ले स्पष्टीकरण सोधेका छन् ।

महोत्तरीको जिल्ला प्रशासन कार्यालयको प्रशासन शाखाका नायब सुब्बा अशोककुमार यादव घुससहित पक्राउ परेका हुन् ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास टोलीले यादवलाई पक्राउ गरेको थियो । त्यसपछि गृहमन्त्री लेखकले कवारीलाई मन्त्रालयमा नै बोलाएर स्पष्टीकरण लिएका छन् ।

गृहमन्त्री लेखकले प्रशासन कार्यालयम नै भइरहेको अनियमितता रोक्न असफल रहेको भन्दै मिलेमतोको विषय समेत उठाएको बताइएको छ । यादवले दिएको वयानमा प्रमुख जिल्ला अधिकारी कवारीले समेत भागबण्डा लिने गरेको बताएको स्रोतले जनाएका छन् ।

प्रजिअ कवारीको विगतमा पनि अत्यन्त विवादित छ । उनी सिरहामा सीडीओ हुँदा पनि अत्यन्त विवादित बनेका थिए । दलालहरु राखेर उनले घुस लिने, जग्गा जमिनको विवाद सुल्झाउने भूमिका गर्दा अत्यधिक रकम लिने गरेको आरोप लागेको थियो ।

उनले घुस लेनदेनको संवाद गरेको अडियो पनि सार्वजनिक भएको थियो । त्यसमा उनले जग्गाको विवाद मिलाउन लेनदेनको विषयमा गरेको संवाद थियो । अडियो सार्वजनिक भएपछि उनलाई सिरहाबाट मन्त्रालयले तानेको थियो ।



लालबाबु कवारी

गणेश अर्याल

कवारी महोत्तरी जिप्रकामा आउनासाथ घुसखोरी निकै बढेको बताइन्छ । पीडित सर्वसाधारणको दुखेसो जिप्रकामा सुनिदैन । पीडकले घुस दिएर आफ्ना पक्षमा काम गराउने गरेको आरोप लाग्दै आएको छ । सर्वसाधारणले नागरिकता, मुद्दा लगायतमा घुस नदिइ काम नै अगाडि नबढ्ने महोत्तरीका नेताहरुले समेत बताउन थालेका छन् ।

गृहमन्त्रालय स्रोतका अनुसार महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाको वडा नम्बर २ मा उपचुनाव भइरहेकोले कवारीको सरुवा रोकिएको छ । चुनाव सकिए लगतै उनलाई मन्त्रालयले कारवाही गरिने स्रोतले जनाएको छ ।

कवारीले जिप्रका महोत्तरीमा सरुवा भएर आएदेखि १० दिन काम गर्न नपाउँदै घुसकै विवादमा तानिएका छन् । जिप्रका महोत्तरीमा अख्तियारले रंगेहात कर्मचारी पक्राउ गरेको सम्भवत यो नै पहिलो हो । यस सम्बन्धमा कवारीसित सम्पर्क हुन सकेन ।

यसैगरि पर्साका प्रमुख जिल्ला अधिकारी (सीडीओ) गणेश अर्याललाई पनि गृहमन्त्रालयमै बोलाएर मन्त्री लेखकले स्पष्टीकरण सोधेका छन् ।

अर्यालले गत हप्ता अस्पताल तोडफोड सम्बन्धी विषयमा विवादित अभिव्यक्ति दिएको आरोप लागेको हो । उनले दिएको अभिव्यक्ति समाजिक सञ्जालमा सार्वजनिक भएको थियो ।

अर्याल पर्सा आउनु अघि पनि अभिव्यक्तिकै कारण विवादमा परेका थिए । जिल्लाको सीडीओले बोल्ने मर्यादा समेत नबुझेका अर्याललाई गृहमन्त्री लेखकले हप्काएका थिए । जथाभावी बोल्ने, जोसुकैसित सम्पर्क बढाउने, सेवाग्राहीको कामप्रति गम्भीर नहुने आरोप उनीमाथि लाग्दै आएको छ ।


मधेश प्रदेशमा पर्सा जिल्ला अत्यन्त संवेदनशिल मानिन्छ । तस्करीको हब मानिएको पर्सा जिल्लामा अनेक प्रकारको अवैध धन्धा हुने गरेको छ । सीडीओले पर्सालाई सर्वाधिक उर्बर भूमिको रुपमा लिने गरेका छन् ।

मन्त्रालय स्रोतका अनुसार दुवै जिल्लाका सीडीओहरूलाई आइन्दा प्रश्न उठ्ने किसिमको गतिविधि नगर्न चेतावनी दिएको छ । बुधवार सम्म दुबै सीडीओ कार्यक्षेत्रमा फर्किसकेका छैनन् ।







# मजदुरको उपचारका लागि सहयोग जुट्दै



**टुडे समाचारदाता**

राजविराज । उपचार खर्च अभावमा थप उपचारका लागि घरमै एक महिनादेखि थला परेको अवस्थामा एक मजदुरको उपचारका लागि पहल र सहयोग जुट्न थालेको छ ।

पेशाले मजदुर राजविराज ६ का रमेश सदाको उपचारका लागी वडा र नगरपालिका कार्यालयले पहल थालेको छ । यसै क्रममा सदाकी पत्नी रम्भालाई बुधवार वडाअध्यक्ष शशी चौधरीले श्रीमानको उपचार गराउन १० हजार रुपैया सहयोग गरेका छन् ।

यसका अतिरिक्त उनले राजविराज नगरपालिका कार्यालयबाट सदाको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारमा छुटका लागी विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत पाउनु पर्ने उपचार सुविधाको सिफारिस पत्र समेत उपलब्ध गराएका छन् ।

सदाको उपचाका लागी राजविराज नगरपालिकाले समेत ५० हजारको सहयोग गर्ने तयारी गरेको कार्यवाहक नगरप्रमुख इसरत परवीनले बताइन् ।

पेशाले मजदुर २७ वर्षिय सदा एक महिना अघि घर ढलान गर्ने क्रममा सिमेन्टको बोरा बोकेर लादै गर्दा अचानक ढलेर अचेत भएका थिए ।

यसरी ढल्दा उनको टाउँको, घाँटी र ढाडमा चोट लाग्नुका साथै घाँटी र ढाडको नशा च्यापिएको थियो ।

हिड्डुल गर्न नसक्ने अवस्थामा रहेका सदाको उपचारमा डेढ लाख रुपैयाँ लाग्ने भएपछि रकम अभावमा उनलाई अहिले घरको ओच्छ्यान मै राखिएको छ ।

# एनपिएलमा जनकपुर बोल्ट्सको उपाधि दाबेदारी




काठमाण्डु । मधेश प्रदेशको प्रतिनिधित्व गर्ने टोली जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपिएल) फ्रेन्चाइज क्रिकेट प्रतियोगितामा उपाधि जित्ने दाबेदारी गरेको छ । स्वदेशी र विदेशी खेलाडीसहितको सन्तुलित टोली भएका कारण उपाधि जित्ने जनकपुर बोल्ट्सको दाबी छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा पहिलो पटक हुन लागेको एनपिएल यही मङ्सिर १५ गतेदेखि सुरु हुँदैछ । प्रतियोगिताको सुरुआतमै जनकपुर बोल्ट्सले विराटनगर किङ्सको सामना गर्नेछ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा उद्घाटन खेल दिउँसो १२:१५ बजे सुरु हुनेछ ।

जनकपुर बोल्ट्सको मार्की खेलाडीका रुपमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर तथा विकेटकिपर आसिफ शेख हुनुहुन्छ । तेइस वर्षीय आसिफले सन् २०१७ देखि नेपालको सिनियर टोलीमा डेब्यु गर्नुभएको हो । त्यसयता उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै आउनुभएको छ ।

आसिफले आफनो टोलीमा चल्तीका विदेशी र नेपाली युवा खेलाडीका कारण राम्रो सन्तुलन मिलेको बताउनुभयो । पुबुदु दसानायके जस्तो प्रशिक्षक पाएका कारण आफनो टोली भाग्यशाली रहेको उल्लेख गर्दै उहाँले जनकपुर बोल्ट्सलाई जसरी पनि उपाधि जिताउने उद्देश्यका साथ खेल प्रदर्शन गर्ने विश्वास दिलाउनुभयो । मार्की खेलाडी शेखले आफनो टोलीमा सबै उत्कृष्ट खेलाडी भएकाले प्रतियोगिताको उपाधि जित्ने दाबी गर्नुभयो ।

यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीलेसमेत सोमबार सुन्धारास्थित धरहरा परिसरमा एनपिएलको ट्रफी सार्वजनिक गर्दै जनकपुर बोल्ट्सका मार्की खेलाडी शेखको प्रशंसा गदै 'क्याप्टेन कूल'को उपनाम दिनुपर्ने बताउनुभएको थियो । "जनकपुर बोल्ट्सका मार्की खेलाडी आसिफ शेखले स्पोर्टम्यानसिप देखाउँदै आयरल्यान्डका खेलाडीलाई रन आउट नगरेको त्यो भाइरल श्रव्यदृश्य मैले पनि हेरेको थिएँ । जनकपुर झैँ शान्त स्वभाव कायम रहोस् । आसिफ शेखलाई क्याप्टेन कूल, शान्त भनेर उपनाम दिएपनि हुन्छ जस्तो लाग्छ", उहाँले शेखको प्रशंसा गर्दै भन्नुभएको थियो ।

जनकपुर बोल्ट्सका 'हेड अफ अपरेशन' निरोज खतिवडाले आफनो टोलीको तयारी राम्रो रहेकाले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै प्रतियोगिताको उपाधि जित्नेमा आफु विश्वस्त रहेको बताउनुभयो । उहाँले नेपाली र विदेशी खेलाडीसहितको सन्तुलित टोलीकै कारण प्रतियोगितामा राम्रो नतिजा हातपर्ने उल्लेख गर्नुभयो । खतिवडाले आफ्नो टोलीमा दुई विदेशी खेलाडी नेपाल आइसकेको र आजै बाँकी दुई विदेशी खेलाडी आउने जानकारी दिनुभयो । जनकपुर बोल्ट्समा मार्की खेलाडी आसिफसँगै नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्यद्वय अनिलकुमार साह र ललितनारायण राजवंशी समेत रहेका छन् ।

त्यसैगरी टोलीका अन्य नेपाली खेलाडीमा रुपेश सिंह, किशोर महतो, अरनिकोप्रसाद यादव, तुलबहादुर थापा मगर, आकाश त्रिपाठी, शुभ कङ्साकर, शेर मल्ल र हेमन्त धामी छन् । एनपिएलमा सहभागी प्रत्येक टोलीले कम्तीमा चार विदेशी खेलाडी अनुबन्ध गर्नुपर्ने प्रावधान छ । तर खेलाडीको आवश्यकता हेरेर ६ जनासम्म विदेशी खेलाडी राख्न पाउने प्रावधान रहेको नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ ।

जनकपुर बोल्ट्सले नेपाली खेलाडीसँगै ६ विदेशी खेलाडीलाई भिर्त्याएको छ । जनकपुर बोल्ट्सले न्युजिल्यान्ड, पाकिस्तान र अमेरिकाका अनुभवी खेलाडीलाई भिर्त्याउन सफल भएको छ । जसमा न्यूजिल्यान्डका जिमी निशम, अमेरिकाका जोशुआ ट्रोम्प, अमेरिकामा बसेर क्रिकेट खेल्ने श्रीलङ्काली मुलका लाहिरु मिलन्था तथा पाकिस्तानका शोएब मक्सुद र मोहमद मोहसिन खान छन् ।

न्युजिल्यान्डका नीशम विश्व क्रिकेटमा चिरपरिचित खेलाडी हुनुहुन्छ । नीशमले न्युजिल्याण्डका लागि टेस्टदेखि टी-ट्वान्टी खेल खेलिसक्नुभएको छ । बाँयाहाते ब्याटर नीशमसँग आइपीएल, बीबीएल, भाइटालिटी ब्लास्ट, द हन्ड्रेडलगायत फ्रेन्चाइज लिगहरू खेलको अनुभव छ ।

त्यसैगरी अमेरिकाका दाँयाहाते ब्याटर ट्रोम्पले अमेरिकाको घरेलु क्रिकेट लिगमा उत्कृष्ट खेल प्रदर्शन गर्दै आउनुभएको छ । उहाँले अमेरिकी हौस्टन प्रिमियर लिग टी ट्वान्टी, सेन्ट्रल टेक्सास लिग टी-ट्वान्टीलगायतका प्रतियोगिता खेलिसक्नुभएको छ । श्रीलङ्कामा जन्मिएर अमेरिकाबाट क्रिकेट खेल्दै आउनुभएका विकेटकिपर एवं ब्याटर मिलान्था अनुभवी खेलाडी हुनुहुन्छ । उहाँले अमेरिकाको विभिन्न घरेलु क्रिकेट प्रतियोगिता खेल्दै आउनुभएको छ । मिलान्थाले यसअघि नेपालमै आएर क्रिकेट खेलिसक्नुभएको छ ।

यस्तै पाकिस्तानी मक्सुद पनि अनुभवी खेलाडी हुनुहुन्छ । उहाँले पाकिस्तानका लागि एकदिवसीय, टी-२० लगायतका खेल खेलिसक्नुभएको छ । पाकिस्तानका मोहसिन खान अलराउण्डर हुनुहुन्छ । उहाँले क्यारेबियन प्रिमियर लिग, अमेरिकी मेजर लिग र पाकिस्तान सुपर लिग खेलिसक्नुभएको छ ।

जनकपुर बोल्ट्सको मुख्य प्रशिक्षकमा राष्ट्रिय सिनियर क्रिकेट टोलीका पूर्वप्रशिक्षक पुबुदु दासानायके हुनुहुन्छ । दासानायकेले नेपाली क्रिकेटलाई माथिल्लो उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । सन् २०११ देखि राष्ट्रिय पुरुष टोली समाल्नुभएका उहाँकै प्रशिक्षणमा नेपालले विश्वकपसम्मको यात्रा तय गरेको थियो । नेपाली क्रिकेटको इतिहासमा प्रशिक्षक दासानयके बिर्सिन नहुने नाम हो । सुरुआतमा उहाँले सन् २०११ देखि २०१५ सम्म नेपाली टोलीको प्रशिक्षण सम्हाल्नुभएको थियो ।

त्यसदौरान उहाँकै प्रशिक्षणमा नेपालले आइसीसी विश्व क्रिकेट लिग डिभिजन चारदेखि एकसम्मको यात्रा तय गरेको थियो ।। नेपालले विभिन्न समयमा क्रिकेटको छनोट चरण पार गर्दै सन् २०१४ मा बङ्गलादेशमा भएको विश्वकपमा सहभागिता जनाएको थियो । उहाँकै प्रशिक्षणमा उपाधि जित्नेमा जनकपुर बोल्ट्स विश्वस्त रहेको छ ।

**पाकिस्तानी खेलाडी मक्सुदले नखेल्ने**

जनकपुर बोल्ट्सका लागि अनुबन्धित पाकिस्तानी खेलाडी शोएब मक्सदु फिटनेशमा समस्या भएपछि प्रतियोगिता खेल्न नआउने निश्चित भएको छ । जनकपुर बोल्ट्सका हेड अफ अपरेशन खतिवडाका अनुसार मक्सुदको स्थानमा इङल्याण्डका अलराउण्डर बेन माइकलाई अनुबन्ध गरिएको छ । उहाँले पनि विभिन्न प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्नभएको छ ।

प्रतियोगितामा जनकपुर बोल्ट्सगै काठमाडौँ गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, विराटनगर किंग्स र सुदूरपश्चिम रोयल्सको सहभागिता रहेको छ ।रासस

# सर्लाहीका चिनी उद्योग सञ्चालनको तयारीमा



बरहथवा । उखुको याम सुरु भएसँगै यहाँका चिनी उद्योग सञ्चालनको तयारी जुटेका छन् । जिल्लामा तीन वटा उद्योग रहेकामा अन्नपूर्ण उखु उद्योगले 'क्रसिङ' को काम सुरु गरिसकेको हो ।

लामो समय किसानको उखुको भुक्तानी नदिएर विवादग्रस्त बनेको सर्लाहीको धन्कौल चिनी उद्योग अहिले उखु तान्ने काममा व्यस्त देखिन्छ । विसं २०७४ अघिको उखुको भुक्तानी किसानलाई नदिएपछि उद्योग सञ्चालन गर्न रोक लगाइएको थियो । विसं २०७९ मा नयाँ उद्योगीको पहलपछि केही किसानले पुरानो भुक्तानी पाएपछि उद्योग सञ्चालन भएको हो । विसं २०७८ देखि 'क्रसिङ' याममा उद्योगले पुनःक्रसिङ गर्न सुरु गरेको थियो ।

क्रसिङ यामको अन्तिममा सञ्चालनको प्रयास गरेको उद्योगले उपकरणमा आएको खराबीका कारण लगभग ६८ हजार क्विन्टल मात्र क्रसिङ गरेको थियो । यसवर्ष भने मङ्सिरको पहिलो सातादेखि क्रसिङ गरेर उद्योगले किसानको भरोसा बटुल्ने प्रयास गरिरहेको छ ।

लामो समय पूरा क्षमतामा सञ्चालन हुन नसकेको अन्नपूर्ण प्राविधिक समस्याका कारण पटकपटक बन्द हुँदै सञ्चालन भइरहेको छ । मङ्सिर ६ गते रातिदेखि क्रसिङ सुरु गरेर चार दिनमा २६ हजार आठ सय ७१ क्विन्टल उखु क्रसिङ गरिसकेको उद्योगका प्रबन्धक शैलेन्द्र गुप्ताले जानकारी दिनुभयो । तीन वटा चिनी उद्योग रहेको जिल्लामा अन्यले सञ्चालनको तयारी गर्दैगर्दा अन्नपूर्णले क्रसिङ सुरु गरेको हो ।

यो याममा किसानसँग प्रभावकारी रूपमा समन्वय गरेर क्रसिङ सुरु गरेको उद्योगका प्रबन्धक गुप्ताले बताउनुभयो । "किसानको पुरानो बक्यौता भुक्तान भइसकेको छ", उहाँले भन्नुभयो, "पहिलाको उद्योगी राकेश अग्रवालको दायित्वमा रहेको रकमसमेत हामीले किसानलाई उपलब्ध गराएका छौँ । अग्रवाल जीले बाँकी छैन् भने पनि किसानले पुरानो पूर्जी लिएर आउनु भएको छ । त्यसको भुक्तानी एकमुष्ठ गर्न सम्भव नभएकाले थोरैथोरै गर्दै जानेछौँ । उद्योग सञ्चालनमा सहकार्य गरिदिन किसानसँग आग्रह गरेकाले किसानहरू उत्साहित हुनुहुन्छ ।"

उद्योगलाई पूर्ण रूपमा विश्वास गरेर उखु दिन नसकिएको स्थानीय उखु किसान बताउँछन् । धन्कौँल गाउँपालिका-३ का विन्देश्वर महतोले थोरै मात्रामा उखु दिएको बताउनुभयो । "मैले उखु रोप्नै छोडिसकेको छु, कम खेती लगाएकाले गाउँको उद्योगलाई दिँदा सहज हुन्छ । अन्नतपूर्णले बढीमा १५ दिनमा भुक्तानी दिने प्रतिबद्धता जनाएको छ । उद्योगमा प्रत्यक्ष जोडिएका स्थानीयले पहिलो चरणमा उखु दिएका हुन्", उहाँले भन्नुभयो ।

यसअघि उत्पादित उखु इन्दुशङ्कर चिनी उद्योग (हरिवन), गोडैता नगरपालिकास्थित महालक्ष्मी चिनी उद्योग (बगदह)मा दिने गरेको महतोले बताउनुभयो । जिल्लाका अन्य उद्योगले अहिले कटानी भएको उखुको चिनी राम्रो नपर्ने भन्दै उद्योग सञ्चालनमा ढिलाइ गरिरहँदा अन्नपूर्णले भने, किसानको मन जित्न समय अगावै उद्योग सञ्चालनमा ल्याएको हो ।

यसवर्ष उद्योगले कम्तीमा १५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको प्रबन्धक दिनेश अग्रहरिले जानकारी दिनुभयो । उद्योग सञ्चालनमा आएको भए पनि पूर्ण रूपमा विश्वस्त भएर किसानले उखु नदिँदा उद्योग पटकपटक 'नो क्यान'को अवस्थामा पुग्ने गरेको छ । उद्योगी तथा व्यवस्थापन पक्षले खेतखेतमा पुगेर किसानलाई उखु दिन आग्रह गरिरहेका किसान वृजेन्द्र रायले बताउनुभयो । अन्नपूर्ण चिनी उद्योग धन्कौलले गत याममा ६८ हजार तीन सय १० क्विन्टल उखु क्रसिङ गरेर उद्योग बन्द गरेको थियो ।

महालक्ष्मी चिनी उद्योगले यो यामका लागि क्रसिङ सुरु गरेको जनाएको छ । तीन दिनदेखि उखु सङ्कलन गरेर आजदेखि उद्योग सञ्चालन गरिएको उद्योगका प्रबन्धक पवनकुमार सिंहले जानकारी दिनुभयो । उद्योगले गत यामको केही भुक्तानी बाँकी राखेको भन्दै उक्त भुक्तानी एक/दुई सातामा गरिने उहाँको भनाइ छ । यस वर्ष १८ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखिएको प्रबन्धक सिंहले बताउनुभयो । उद्योगले गत याममा १२ लाख ३७ हजार तीन सय क्विन्टल उखु क्रसिङ गर्न पाएको थियो ।

**इन्दुशक्तरको तयारी पूरा**

जिल्लामा रहेका तीन उद्योगमध्ये अन्नपूर्ण र महालक्ष्मीले यो यामका लागि क्रसिङ सुरु गरे पनि इन्दुशङ्कर चिनी उद्योगले अन्तिम तयारी पूरा गरेको जनाएको छ । देशमा व्यवस्थित मानिने जिल्लाको हरिवनस्थित इन्दुशङ्क उद्योगले यो यामका लागि क्रसिङको तयारी पूरा भएको जनाएको हो ।उद्योगले मङ्सिरको अन्तिम सातादेखि क्रसिङ सुरु गर्ने तयारी गरेको उद्योगका प्रशासकीय प्रमुख ठाकुर नेपालले बताउनुभयो । मङ्सिर १७ गते साइत (डोगा) पूजा गरी क्रसिङको काम थालिने उहाँको भनाइ छ ।

"हामी क्रसिङ गर्न तयारी अवस्थमा छौँ", ठाकुरले भन्नुभयो, "किसानलाई उखु ल्याउन दिने चलान, आन्तरिक व्यवस्थापन मिलाएर अन्तिम सातादेखि उद्योग सञ्चालन गर्नेछौँ ।" इन्दुशङ्कर चिनी उद्योग हरिवनले यो याममा ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने जनाएको छ । गत याममा २१ लाख ४८ हजार छ सय ११ क्विन्टल उखु क्रसिङ गरेर मिल बन्द भएको थियो ।

गत याममा जिल्लाका अधिकांश उद्योगले उखु नपाएपछि पूरा समय सञ्चालन हुन सकेका थिएनन् । उखुको अनुदानबापतको रकम भुक्तानीमा ढिलाइ हुँदा जिल्लामा उत्पादित उखु अन्य जिल्ला पठाइएको किसानको भनाइ छ ।

**समर्थन मूल्य अन्योलमा**

मङ्सिर आधा सकिनै लाग्दासमेत सरकारले यो यामका लागि उखुको समर्थन मूल्य तय नगर्दा किसान र उद्योगी दुवै अन्योलमा परेका छन् । उखु काटेर बेच्न लैजान समय घर्किंदै जाँदा सरकारले समर्थन मूल्य तय नगरेको भन्दै तत्काल समर्थन मूल्य तय किसानले माग गरेका छन् ।

"समय घर्किएपछि उखुको समर्थन मूल्य तोकेर समस्या समाधान हुदैन", उखु किसान रवि पाण्डेले भन्नुभयो, "सरकारले किसानको लगानी बुझेर समर्थन मूल्य यथाशीघ्र तोकी किसानलाई उखु बिक्रीको सहज वातावरण बनाउनुपर्छ ।"राज्यले उखुको समर्थन मूल्य समयमा नतोक्दा शून्य मूल्यमा उखु बेच्नु परेको किसानले गुनासो गरेका छन् । अर्को याममा काट्ने उखुको समर्थन मूल्य यस वर्ष नै तय हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पहिलानै समर्थन मूल्य तय गर्ने व्यवस्था भए किसानलाई फाइदा हुने बताउँदै यसो भएमा उखु लगाउने वा नलगाउने किसानले पहिला नै निर्णय लिन सक्ने पाण्डेको भनाइ छ । अहिलेको व्यवस्थाअनुसार किसानलाई अन्योलमा राखेर सरकारले अन्याय गरेको नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताउनुभयो । सरकारले यथाशीघ्र उखुको समर्थन मूल्य तोकी किसानलाई सहजीकरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

यसैबीच, उखु उद्योगले भने तत्काललाई गत वर्ष सरकारले तोकेको समर्थन मूल्य भुक्तानी गरेर उखु खरिद गर्ने तयारी गरेका छ । पछि सरकारले तय गरेको समर्थन मूल्य दिने गरी अहिलेलाई गत यामको रु पाँच सय ६५ दिएर उखु खरिदको व्यवस्था मिलाइएको महालक्ष्मी चिनी उद्योग बगदहले जनाएको छ । किसान भने पछि सरकारले थपेको बाँकी रकम नपाउने चिन्तामा छन् ।

यसअघि पनि यसरी उखु खरिद गरेको रकम नपाएको गोडैता-३ का उखु किसान मुनिम ठाकुरले गुनासो गर्नुभयो । यही अवस्था रहिरहे उखु खेती गर्ने वातावरण नभएको भन्दै सरकारले किसानलाई खेती गर्ने सहज वातावरण बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । रौतहट, बारा, महोत्तरी, सिराहासम्मका उद्योगले यहाँ उत्पादित उखु लैजान सुरु गरिसकेका छन् ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| वृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कंकट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# परराष्ट्रमन्त्री डा राणा चीनको औपचारिक भ्रमणमा जानुहुँदै



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा चिनियाँ विदेशमन्त्री वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा भोलिदेखि चीनको औपचारिक भ्रमणमा जानुहुने भएको छ।

चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरोका सदस्य तथा विदेश मामिला केन्द्रीय आयोगको कार्यालयका निर्देशकसमेत रहनुभएका वाङको निमन्त्रणमा मन्त्री राणाले यही मङ्सिर १३ देखि १५ गतेसम्म चीनको भ्रमण गर्न लाग्नुभएको हो।

भ्रमणका क्रममा परराष्ट्रमन्त्री डा राणाले मङ्सिर १४ गते आफ्ना चिनियाँ समकक्षीसँग द्विपक्षीय वार्ता गर्नुहुने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ। भेटवार्तामा उहाँहरूले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीनको औपचारिक भ्रमणको तयारीलगायत दुई देशबीचको आपसी हितका विविध विषयमा व्यापक छलफल गर्नुहुनेछ । परराष्ट्रमन्त्री डा राणा मङ्सिर १५ गते स्वदेश फर्कनुहुनेछ ।रासस

कीर्तिपुर नगरपालिका उपनिर्वाचन :

# मतदाता रिझाउँदै उम्मेदवार




कीर्तिपुर । यही मङ्सिर १६ गते हुने उपनिर्वाचनका लागि कीर्तिपुर नगरपालिकामा उम्मेदवारहरु मतदाता रिझाउनमा व्यस्त छन् । कीर्तिपुर नगरपालिकामा नगरप्रमुखसहित वडा नम्बर १ र ४ को वडाध्यक्षका लागिसमेत उपनिर्वाचन हुँदैछ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालका अनुसार मतदानको ७२ घण्टा अगाडि अर्थात् मङ्सिर १३ गते राति १२ बजेदेखि मौन अवधि सुरु हुनेछ। त्यसैले यहाँ सबै उम्मेदवार मतदाता रिझाउने अन्तिम प्रयासमा जुटिरहनुभएका छन् । कीर्तिपुर नगरपालिकामा मतदाता शिक्षा कार्य र आचारसंहिता पालनाका सम्बन्धमा प्रभावकारी अनुगमन भइरहेको उहाँले बताउनुभयो।

कीर्तिपुर नगरपालिकामा कूल ३१ हजार एक सय १२ मतदाता रहेका छन्। कीर्तिपुर नगरपालिकाको प्रमुख पदमा स्वतन्त्र र विभिन्न दलका गरी जम्मा २० उम्मेदवारबीच प्रतिस्पर्धा हुँदैछ। त्यसमध्ये नौ उम्मेदवार विभिन्न राजनीतिक दल, एक यौनिक अल्पसङ्ख्यक तथा ११ स्वतन्त्र उम्मेदवार हुनुहुन्छ।

कीर्तिपुर नगरपालिकाका प्रमुख निर्वाचन अधिकृत इन्दिरा कार्कीका अनुसार सङ्घीय राजधानीमै रहेको र सबैभन्दा बढी प्रतिनिधि छान्ने स्थानीय तह भएकाले यहाँ सबैको चासो र ध्यान केन्द्रित भएको देखिन्छ। "सबै दलका र स्वतन्त्र उम्मेदवारले आ-आफ्नो ढङ्गले चुनावी प्रचारप्रसार गरिरहनुभएको छ, उहाँहरु बोलाएका समयमा सर्वदलीय बैठकमा आएर सहयोग गरिरहनुभएको छ", उहाँले भन्नुभयो।

कीर्तिपुरमा १५ हजार ९५ पुरुष, १६ हजार १५ महिला र दुई अन्य मतदाता रहेका निर्वाचन अधिकृत कार्कीले जानकारी दिनुभयो । कीर्तिपुरमा चुनावी माहोल सौहार्द्ध रुपमा अघि बढिरेको छ। निर्वाचन कार्यालयलाई सबै राजनीतिक दल र उम्मेदवारबाट पूर्ण सहयोग भइरहेको तथा सबै निर्णय बहुमतबाट नभइ सर्वसम्मतिका आधारमा भइरहेको उहाँले बताउनुभयो। आचारसंहिताको परिधिभित्रै रही उम्मेदवारले चुनावी सभा र घरदैलो कार्यक्रम गर्दै मत मागिरहनुभएको छ।

**मुख्य प्रतिस्पर्धा प्रमुख तीन दलबीच**

मतदातासँगको छलफल र कुराकानीका आधारमा प्रमुख दलबीच नै बढी प्रतिस्पर्धा हुने अनुमान गरिएको छ। यद्यपि स्वतन्त्र उम्मेदवारको पक्षमा पनि मतदाताको अभिमत जान सक्ने अवस्थालाई नकार्न भने सकिन्न । नेपाली कांग्रेसबाट नगरप्रमुखका उम्मेदवार कृष्णमान डङ्गोलले चुनाव प्रचारप्रसारको काम प्रारम्भिक रुपमा १० वटै वडामा पूरा गरेको उल्लेख गर्दै बेथिति र विकृति अन्त्य गरी विकास र समृद्धिका लागि कांग्रेसको नेतृत्व आवश्यक रहेको जनभावना बुझेको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "नगरका प्राथमिकता शिक्षा, स्वास्थ्य, रोजगार, वातावरण, सडक र खानेपानी नै हुन। अव्यवस्थित बसोबासको अन्त्य र खानेपानीको कमी हटाइ पर्याप्त खानेपानीको व्यवस्था गरी बाह्रैमहिना आपूर्तिमा ध्यान पुऱ्याइने छ।"

नेकपा (एमाले)बाट नगरप्रमुखका उम्मेदवार डा सुरेन्द्र मानन्धरले आफू निर्वाचित भएको खण्डमा शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन, भौतिकपूर्वाधार, कला, संस्कृति, सङ्गीत, खेलकुद, फोहरमैला व्यवस्थापन, खानेपानी, ज्येष्ठ नागरिक, प्रशासनिक सुधार गर्ने जनता समक्ष प्रतिबद्धता गर्दै मतदाताको घरदैलो गरिरहेको बताउनुभयो । यस्तै माओवादी केन्द्रबाट नगरप्रमुखका उम्मेदवार शिवशरण महर्जनले भ्रष्टाचारको अन्त्य र सुशासनको प्रवर्द्धलाई मुख्य एजेण्डा बनाउँदै नगरमा शिक्षा, स्वास्थ्य, खानेपानीलगायत समस्या समाधान गर्न लागिपर्ने प्रतिबद्धता जनाउनुभयो।

नेपाल समाजवादी पार्टी (नयाँशक्ति) का उम्मेदवार दिलकुमार महर्जनले स्वच्छ, सुन्दर र समृद्ध कीर्तिपुर बनाउन तथा नगरक्षेत्रका यावत समस्या सम्बोधन गर्न आफूले उम्मेदवारी दिएको बताउनुभयो । चुनावी प्रचारप्रसारका लागि घरदैलो अभियानमा रहनुभएका नेपाल मजदुर किसान पार्टीका उम्मेदवार श्रीकृष्ण महर्जन भन्नुहुन्छ, "नेमकिपा देशको स्वाधिनताको रक्षा र जनतालाई माया गर्ने दल भएकाले राम्रो सद्भाव पाएको छु। निर्वाचित हुनेमा विश्वस्त छु।"

नगरप्रमुखका स्वतन्त्र उम्मेदवार दिनेशकुमार अधिकारीले आफूले दलका उम्मेदवारभन्दा राम्रो काम गरेर देखाउने भन्दै मतदाता रिझाउने प्रयासमा रहेको प्रतिक्रिया दिनुभयो।

निर्वाचनको प्रकाशित कार्यतालिका अनुसार उम्मेदवारी दर्ता र चुनाव चिन्ह प्रदान गर्ने कार्य सम्पन्न भइसकेको छ । नगरपालिकाका १० वटै वडामा रहने २० स्थलका र ३८ केन्द्रको अनुगमन, सुरक्षा तथा कर्मचारी व्यवस्थापन, मतदान अधिकृतका लागि अभिमुखीकरण तालिमलगायत कार्य पूरा भइसकेको निर्वाचन अधिकृत कार्कीले बताउनुभयो । सबै मतदानस्थल र केन्द्र पहिले नै निर्धारण गरिएकाले सोही बमोजिम व्यवस्थापन गरिएको छ । कीर्तिपुर-१ को वडाध्यक्षमा सात पुरुष र एक महिलासहित आठ उम्मेदवार चुनावी मैदानमा हुनुहुन्छ । वडाध्यक्ष पदमा पाँच राजनीतिक दल र तीन स्वतन्त्र उम्मेदवारले चुनाव लड्दै हुनुहुन्छ।

यसैगरी कीर्तिपुर-४ को वडाध्यक्षका लागि एक यौनिक अल्पसंख्यक समुदाय, दुई महिला र नौ पुरुष उम्मेदवार मैदानमा हुनुहुन्छ। नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का उम्मेदवारले विगत जस्तै खानेपानी, सडक, शिक्षा, स्वास्थ्यका एजेण्डा प्रस्तुत गर्दै मत मागिरहनुभएको छ। बाक्लो बस्ती रहेको कीर्तिपुर क्षेत्रका सडकमा सबैजसो राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले सडकमै सभा र ऱ्याली गरी मतदातालाई आफूप्रति आकर्षित गरीरहनुभएको छ।

केही पार्टीले चुनावमा खटिने कार्यकर्तालाई प्रशिक्षण दिँदै आफना उम्मेदवारको पक्षमा मत माग्न मतदाताको ढोका-ढोकामा पुग्न दलसँग आबद्ध भातृ सङ्गठनका प्रतिनिधिलाई निर्देशन दिइरहेकोसमेत देखिन्थ्यो। नगरपालिकाको सभाहलमा मतगणनास्थल कायम गर्ने गरी सर्वदलीय सहमति भइसकेको छ। मतपत्र नगरप्रमुख र वडाध्यक्षको फरक फरक भएकाले मतदान भएको दुई दिनभित्रै मतगणना सम्पन्न गरिने निर्वाचन कार्यालयले जनाएको छ ।रासस

# 'अस्पताललाई सेवाका आधारमा वर्गीकरण गर्नुपर्छ'



चितवन । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले अस्पतालहरूलाई शय्याका आधारमा नभई सेवाका आधारमा वर्गीकरण गर्नुपर्ने बताउनुभएको छ । बुधबार आयोजित नेपाली कांग्रेसका अग्रज नेता स्व बलबहादुर श्रेष्ठको १२औँ स्मृति सभामा उहाँले अस्पताललाई शय्याका आधारमा वर्गीकरण गर्दा व्यवस्थित र प्रभावकारी बनाउन नसकिने धारणा राख्नुभयो।

अस्पताललाई वर्गीकरण गर्दा सेवाका आधारमा गर्नुपर्नेमा जोड दिँदै मन्त्री पौडेलले यसले अस्पतालको सेवा प्रभावकारी र नागरिकमैत्री बन्दै जाने विश्वास व्यक्त गर्नुभयो। स्वास्थ्य क्षेत्रभित्र समाजवाद र लोकतन्त्र रहेको भन्दै उहाँले यसलाई अनुभूतिमा परिवर्तन गर्न आजको स्वास्थ्य परिस्थितिलाई बदल्न जरुरी रहेको बताउनुभयो।

मन्त्री पौडेलले भन्नुभयो, "स्वास्थ्य क्षेत्रमा केही नभएको होइन, आवश्यकताअनुसार नभएको मात्रै हो । यसलाई सुधार गर्दै जानु जरुरी छ ।" जनताको आधारभूत स्वास्थ्य संवैधानिक अधिकार रहेको बताउँदै संविधानले व्यवस्था गरेको स्वास्थ्यको हकलाई सुनिश्चित गराउन स्रोतको सुनिश्चितता गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

सीमित साधन, स्रोतभित्र अधिकतम काम गर्नुपर्ने आजको स्थिति रहेको रहेको मन्त्री पौडेलको भनाइ थियो । उहाँले भन्नुभयो, "सीमित स्रोत, साधन र जनशक्तिले धेरै सेवा दिनुपर्ने बाध्यता छ। यसलाई व्यवस्थापन गर्न मन्त्रालय लागिपरेको छ।"

मन्त्री पौडेलले १४ वर्षमुनिका बालकालिकाको क्यान्सरको उपचार पाँचवटा अस्पतालमा निःशुल्क हुने व्यवस्था गरेको बताउँदै अन्य उपचारमा पनि राज्यलाई दायित्व नबढ्ने गरी व्यवस्थापन गर्ने काम भइरहेको जानकारी दिनुभयो । जलन उपचारका लागि यस वर्ष नेपालका आठवटा अस्पतालमा निःशुल्क सेवाको व्यवस्था गरिएको उहाँले उल्लेख गर्नुभयो।

विसं २००८ मङ्सिर १२ गते हालको इच्छाकामना गाउँपालिका-२ विप्राङमा जन्मिनुभएका कांग्रेसका पुराना नेता श्रेष्ठको १२औँ स्मृतिमा कार्यक्रम आयोजना गरिएको हो। २५ वर्ष जनप्रतिनिधि भएर काम गर्नुभएका श्रेष्ठले विसं २०३५ मा बनेको शक्तिखोर गाउँ पञ्चायतको पहिलो प्रधानपञ्चमा निर्वाचित हुनुभएको थियो । सामाजिक क्षेत्रमा योगदान दिनुभएका श्रेष्ठले स्थानीय स्वास्थ्य चौकीलाई १० कट्ठा जमिन दान गर्नुभएको थियो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरू टेकप्रसाद गुरुङ, अञ्जली श्रेष्ठ, नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, नेपाली कांग्रेस चितवनका पूर्वसभापति शेषनाथ अधिकारी, कृष्णलाल सापकोटा, नेपाली कांग्रेस बागमती प्रदेश सदस्य कुमार कार्की, नेपाली कांग्रेसका पूर्ववडा सभापति लीलाबहादुर श्रेष्ठ, नेपाली कांग्रेस चितवनका निवर्तमान सभापति जीतनारायण श्रेष्ठलगायत व्यक्ताले बलबहादुरले राजनीतिक तथा सामाजिक रूपमा खेल्नुभएको भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो।

नेपाली कांग्रेस कालिका नगरपालिका-९ ले आयोजना गरेको कार्यक्रमको अध्यक्षता सभापति कुमलाल श्रेष्ठ गर्नुभएको थियो । कार्यक्रममा कांग्रेसका केन्द्र, प्रदेश र स्थानीय नेता, स्थानीय जनसमुदायको उपस्थिति थियो ।रासस

# नेपाल स्वास्थ्य सम्मेलन आगामी पुसमा हुने

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले साझेदारी प्रवर्द्धन, ज्ञान आदानप्रदान र स्वास्थ्य क्षेत्रमा भएका चुनौती सामना गर्न विश्वव्यापी विशेषज्ञता उपयोग गर्ने हेतुले आगामी पुस ११ र १२ गते काठमाडौँमा नेपाल स्वास्थ्य सम्मेलन आयोजना गर्ने भएको छ । मन्त्रालयद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा अतिरिक्त सचिव डा टङ्क बारकोटीले स्वास्थ्य सेवाको सुदृढीकरणका लागि प्रवासी नेपालीहरूको संयोजन गर्ने सम्मेलनको उद्देश्य रहेको जानकारी दिनुभयो।

सम्मेलनमा विश्वभर रहेका नेपाली स्वास्थ्य विशेषज्ञहरूलाई एक ठाउँमा ल्याई स्वास्थ्यसम्बन्धी चुनौतीको समाधान खोज्न र संवाद गर्ने मन्त्रालयले जनाएको छ। प्रवासी नेपाली समुदाय र राष्ट्रिय स्वास्थ्य सरोकारवालासँग आपसी सिकाइ र दीर्घकालीन रणनीति निर्माणमा सम्मेलन कोशेढुङ्गा सावित हुने मन्त्रालयको समन्वय महाशाखा प्रमुख डा भीमप्रसाद सापकोटा बताउनुभयो।

डिजिटल उपकरण र प्रविधिको प्रयोगले स्वास्थ्य सेवामा ल्याउनसक्ने सुधार र प्रभावबारे पहिचान तथा प्रवासी समुदायसँगको साझेदारी सुदृढ गर्ने नीतिगत ढाँचाहरूबारे सम्मेलनमा छलफल गरिने जनाइएको छ । मन्त्रालयले अनुसन्धान, शिक्षा र स्वास्थ्य क्षेत्रमा नवप्रवर्तन अघि बढाउन अनुसन्धान र शैक्षिक पहललाई प्रोत्साहन गर्ने तथा सबै स्वास्थ्यकर्मी, अनुसन्धनाकर्ता संस्थाहरू र विश्वका ९० भन्दाबढी मुलुकमा रहेका स्वास्थ्यसम्बन्धी विषयमा क्रियाशील प्रवासी नेपालीको सहभागिता रहने मन्त्रालयले जनाएको छ ।रासस

# प्रधानमन्त्री ओलीसँग राष्ट्रिय फोटो पत्रकार समूहको भेट



काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीसँग राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे) नेपालको नवनिर्वाचित कार्यसमितिले बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा भेट गरी फोटो पत्रकाररुको हकहितका लागि नौ बुँदे ध्यानाकर्षणपत्र हस्तान्तरण गरेको छ ।

समूहका अध्यक्ष प्रदीपराज वन्त नेतृत्वको टोलीले बुझाएको सो ध्यानाकर्षणपत्रमा नेपालमा विभिन्न सञ्चारगृहमा फोटो पत्रकारिता गर्ने फोटो पत्रकार हरूको हकहितका लागि सरकारका तर्फबाट आवश्यक सहयोग र फोटो सङ्ग्रहालयका लागि पहल गराइदिन प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराइएको छ।

त्यस्तै फोटो पत्रकारिताको माध्यमबाट जीविकोपार्जन गर्ने सम्पूर्ण फोटो पत्रकारहरूको बीमा तथा स्वास्थ सुरक्षा तथा व्यावसायिक तालिमका लागि आवश्यक बजेटसहित क्यामरालगायतका सञ्चार उपकरण खरिदमा सहुलियत दरको ऋण व्यवस्थाका लागि प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गर्यो।

सो अवसरमा प्रधानमन्त्री ओलीले नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै पत्रकारितामा फोटोको महत्व धेरै हुने भएकाले फोटो पत्रकारहरूका लागि राज्यका तर्फबाट आवश्यक सहयोग गर्ने विश्वास दिलाउनुभयो ।रासस

# जनसंख्याका मुद्दालाई आर्थिक, सामाजिक र राजनीतिक रणनीतिका रुपमा हेरिनुपर्छ : प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले जनसंख्याका मुद्दालाई आर्थिक, सामाजिक र राजनीतिक रणनीतिका रुपमा हेरिनुपर्ने बताउनुभएको छ । छैटौँ एसियाली जनसंख्या सम्मेलनको बुधबार उद्घाटन गर्दै उहाँले विकास र जनघनत्वका सहसम्बन्धलाई ध्यान दिएर सीमान्तकृत तथा विपन्न समुदायको सहज जीवनयापनका लागि आधारभूत आवश्यकताको परिपूर्ति गर्न सरकारका प्रयासहरु जारी रहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले काठमाडौँ मेडिकल कलेजद्वारा सञ्चालित अस्पतालमा भर्खरै जन्मिएका एक नवजात शिशुका आमासँग भर्चुअल संवाद गरेर सम्मेलनको उद्घाटन गर्नुभएको थियो । उहाँले समानता र समावेशी नीति अपनाएर धनी र गरिबबीचको खाडल मेटिनुपर्ने, आत्मसम्मानसहितको मानव अधिकार, स्वस्थ्य र आशासहिको विश्व निर्माणमा सबै एक हुनुपर्नेमा जोड दिनुभयो। उहाँले पृथ्वी र मानवको रक्षार्थ लाग्दै मानवीय विकास, असल जीवनयापनका समस्या र समाधानका उपायका लागि यस्ता विषयमा हुने सम्मेलनले गहन सुझाव दिने अपेक्षा गर्नुभयो।

उहाँले जलवायु परिवर्तनका मुद्दालाई सामना गर्न विश्वव्यापी साझेदारीलाई महत्वका साथ बढाउनुपर्ने भन्दै दिगो विकास, सुशासन र सामूहिक प्रयास अत्यावश्यक भएको बताउनुभयो। प्रधानमन्त्री ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली' आकाङ्क्षालाई देखिने खालका उपलब्धिमा रुपान्तरित गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा केशरजङ्ग बराल, एसियाली जनसंख्या एशोसिएशनका अध्यक्ष रेइको हायाशीलगायतको सम्मेलनको उद्घाटन सत्रमा सहभागिता थियो । सम्मेलनमा विभिन्न विषयगत सत्र सञ्चालन हुनेछ ।रासस

# 'विपद् पूर्व तयारीले क्षति न्यूनीकरण गर्न सकिन्छ'




मोरङ । कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विपद् पूर्व तयारीले क्षति न्यूनीकरण गरी जनताको जीउधनको सुरक्षा गर्न सकिने बताउनुभएको छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा बुधबार आयोजित अग्नि नियन्त्रणका सामग्री हस्तान्तरण कार्यक्रममा उहाँले विपद् नियन्त्रण गर्न नसके पनि क्षति र जोखिम कम गर्न प्रभावकारी रूपमा पूर्व तयारी गर्नुपर्नेमा जोड दिनुभयो।

मुख्यमन्त्री कार्कीले सशस्त्र प्रहरी बल बराह बाहिनी पकली सुनसरीका प्रमुख शुम्भ सुवेदीलाई अग्नि नियन्त्रणका लागि रु १७ लाख १७ हजार आठ सय २० मूल्य बराबरको सात किसिमका सामग्री हस्तान्तरण गर्नुभयो । उहाँले पूर्व तयारीबाट दुर्गम स्थानमा विपद्‌बाट हुने घटना नियन्त्रण गर्न सहयोग पुग्नुका साथै जनधनको क्षति रोक्न सकिने धारणा राख्नुभयो।

मुख्यमन्त्री कार्की विपद् नियन्त्रणमा जनताको सक्रिय सहभागिता गराउन सरकार क्रियाशील रहेको बताउनुभयो । उहाँले बाढीपहिरो आउने स्थानमा स्थानीय पालिकासँगको सहकार्य र सहयोगमा आगामी जेठ अगाडि बस्ती सार्ने योजना बनाइएको जानकारी दिनुभयो।

मुख्यमन्त्री कार्कीले जाडोयाममा तराईमा शीतलहर आउनेसक्ने भन्दै शीतलहरबाट आमनागरिकलाई बचाउन आवश्यक तयारी गर्न मन्त्रालयलाई निर्देशन दिनुभयो। उहाँले सडक दुर्घटनाबाट ठूलो मानवीय एवं भौतिक क्षति भइरहेकाले यसलाई नियन्त्रण गर्न तीन तहका सरकारको समन्वय हुनुपर्नेमा जोड दिनुभयो।

बराह बाहिनी सुनसरीका प्रमुख सुवेदीले प्राप्त सामग्रीले अग्नि नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। मन्त्रालयका निमित्त सचिव कमल थापाले यस वर्ष नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई रु एक करोड ५० लाखका दरले विभिन्न विपद् व्यवस्थानका सामग्री उपलब्ध गराउने मन्त्रालयले तयारी गरेको जानकारी दिनुभयो ।रासस


**Helen Keller International Nepal**
**VACANCY ANNOUNCEMENT**

Guided by the remarkable legacy of its co-founder, Helen Keller, Helen Keller Intl partners with communities striving to overcome long standing cycles of poverty. By delivering the essential building blocks of good health, sound nutrition and clear vision, we help millions of people create lasting change in their own lives. With over 35 years of experience in Nepal, we are ensuring every person has the opportunity – as Helen did – to reach their true potential.

USAID Integrated Nutrition's primary goal is to improve the nutrition status of women, adolescents, and children in Nepal's underserved and marginalized communities.


We are seeking passionate, creative and dedicated individuals to join us in the USAID Integrated Nutrition project in Nepal for the following positions:

| Position | No. | Location | Application Links |
|---|---|---|---|
| Provincial Monitoring, Evaluation and Learning (MEL) Coordinator | 5 | Madhesh, Karnali, Sudurpaschim, Lumbini & Bagmati/Koshi/ Gandaki | www.p2p.com.np |
| Finance & Operation Coordinator | 4 | Madhesh, Karnali, Sudurpaschim, Lumbini | helenkellerintl.org.np/careers |

**To Apply:** Qualified candidates should visit respective links of their interested position to fill out the application form and submit a cover letter and resume by December 10, 2024, COB.

**In the spirit of our founder and namesake, Helen Keller is dedicated to building an inclusive workforce where diversity is fully valued.**

All qualified applicants will receive consideration for employment without regard to race, color, religion, gender, caste, age, disability, or any other status that has no bearing on the ability of an individual to perform the functions of the job.




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेशमा पुरानै मुद्दा

मधेश प्रदेशलाई केन्द्र बनाएर खुलेका दलहरुले स्थापित हुन पुरानै मुद्दालाई चर्काउन थालेका छन् । मधेश प्रदेशमा भ्रष्टाचार, अनियमितता, विभेदलगायतका व्याप्त समस्याहरु छन् । तर यी सबै विषय पुराना भइसकेका छन् । भ्रष्टाचारविरुद्ध जति चर्को आवाज उठाए पनि त्यो आमनागरिकको चासो बन्न सकिरहेको छैन । घुस लेनदेन गरी काम फत्ते गर्ने सहज उपाय बनेको छ । सबै सरकारी निकायमा गडबडी रहेको आरोप लगाउने नेताहरु नै त्यसको कारक पनि हो । सत्तामा पुग्नासाथ पहिलो लक्ष्य नै अवैध कमाइलाई बनाउने नेताहरु पदमुक्त हुँदा त्यसको विरोध गर्छन् । यो प्रवृत्ति मधेश प्रदेशमा मात्र नभइ देशैभरि व्याप्त छ । पदमा हुँदा भ्रष्टाचार गर्ने र मुक्त हुँदा त्यसलाई नारा बनाएर विरोध गर्ने प्रवृत्तिले भ्रष्टाचारीहरुलाई झन् सशक्त बनाएको छ । प्रभु साह नेतृत्वको आम जनता पार्टी(आजपा)ले पनि अहिले भ्रष्टाचार, करलगायतको मुद्दा उठाएर संघर्ष गर्ने निर्णय गरेको छ । गत वर्ष पनि यो नै मुद्दाहरुलाई उठाएर सडकमा संघर्ष गरेका थिए । राजनीतिक दलहरुले चर्चामा रहिरहन पनि केही विषयलाई उठाउने गरेका छन् । प्रभु साह पनि त्यस मध्येकै नेता हुन् । उनले उठाएका मुद्दा पुराना भए पनि सदैव चर्चामा रहिरहने हो । नेपालमा भ्रष्टाचार संस्थागत भइसकेको छ । नीतिगत रुपमा भ्रष्टाचारव्याप्त छ । त्यो नेताहरुले नै गर्ने विषय हो । प्रभु साहले प्रारम्भमा मधेश केन्द्रित दलहरुमाथि अक्रामक भएका थिए । तर त्यसबाट खासै उपलब्धि नदेखेपछि उनी भ्रष्टाचारविरुद्ध संघर्ष चर्काएर चर्चामा रहने प्रयत्न गरिरहेका छन् । माओवादी मूल राजनीतिमा आएदेखि नै साह संसदमा छन् । उनी रौतहट जिल्लाका नेताहरु मध्ये व्यक्तिगत रुपमा सर्वाधिक प्रभावशाली पनि हुन् । उनकी पत्नी मौलापुर नगरपालिकाको दोस्रो कार्यकाल पनि मेयर भएर चलाइरहेकी छन् । तर मौलापुर नगरपालिका पनि व्यापक भ्रष्टाचार हुने पालिकामा पर्छ । वार्षिक करोडौं रकम बेरुजु थपिने मौलापुर नगरपालिकामा अर्बको हाराहारीमा बेरुजु पुगेको छ । पालिकाको बजेटले निजी कामहरु साहले गर्छन् । मनोरञ्जनका लागि भारतीय हिरो हिरोइन ल्याएर रकम खर्चिने गर्छन् । त्यो विकास भने होइन । साहले उठाउने विषय राम्रा रहे पनि त्यो प्रभावकारी नहुनुको कारण मौलापुर नगरपालिकामा हुने भ्रष्टाचार र अनियमितता पनि हो । मधेशमा अब पुराना मुद्दाहरुलाई उठाएर स्थापित हुने प्रयास गर्नु भन्दा यहाँका युवा र किसानहरुको मुद्दालाई उठाउन आवश्यक छ । युवालाई रोजगारी र किसानलाई सहज रुपमा बिउ, मल, औजार, बीमा, बजार उपलब्ध गराउने तर्फ नेताहरु केन्द्रित भए जनविश्वास आर्जन गर्न सक्छन् ।

# नेपालमा स्की खेलको सम्भावना



राजु सिलवाल

विश्व मानचित्रमा नेपाल साहसिक खेलकुदका लागि महत्वपूर्ण गन्तव्यका रुपमा परिचत रहँदै आएको छ । बर्सेनि हजारौं आरोही हिमाल आरोहणलगायतका साहसिक गतिविधिमा सहभागिता जनाउन नेपाल आउने गरेका छन् । विश्वको विभिन्न मुलुकका आरोहीहरुलाई गन्तव्यसम्म लैजाँदै सफलता दिलाउन खासगरी हिमाली भेगका शेर्पा, तामाङ समुदायका पर्वतीय पथ प्रदर्शकहरुले रुपमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेका छन् । सगरमाथा आरोहण गर्ने आरोहीहरुमा सबैभन्दा बढी सङ्ख्या नेपालीकै रहेको छ ।

यस्तै, अन्य मुलुकमा समेत नेपाली पथप्रदर्शकले यस्ता साहसिक गतिविधिमा सक्रियता जनाउने गरेका छन् । तर उच्च भागमा खेलाइने अन्तर्राष्ट्रिय खेलकुद गतिविधिमा नेपालको सहभागिता उल्लेख्य हुन सकेको छैन । वाल क्लाइम्बिङ जस्ता प्रतियोगिता ओलम्पिकमा समावेश गरिएको छ । यस्तै हिउँमा खेलाइने स्की जस्ता साहसिक खेलकुद हिउँदे ओलम्पिक तथा एसियाली खेलकुदमा समावेस गरिएको भएता पनि नेपालले हालसम्म त्यस्ता खेलकुदमा कुनै पहिचान कायम गर्न सकेको छैन् । पर्याप्त सम्भावना भएर पनि नेपालमा यस्ता साहसिक खेलको विकासमा अपेक्षित उपलब्धि हासिल गर्न नसकेको वास्तविकता छ । हिमालै हिमालको देशको रूपले परिचित नेपालका डाँडाकाँडामा पर्ने हिउँले स्की खेललाई सम्भावना प्रस्टाउँछ । उत्तरतर्फ चाँदीजस्तै टलक्क टल्कने हिमाल, हिमचुली र मौसममा पर्ने हिउँका कारण स्की नेपालका लागि धेरै सम्भावना भएको खेल हो ।

नेपालमा हालसम्म पनि सयौं यस्ता हिमालहरु छन्, जसको हालसम्म नामाकरण गर्न समेत सकिएको छैन । यसैगरी विश्वमै प्रसिद्धी कमाएका विभिन्न हिमालहरुमा पनि पर्वतारोहणवाहेक हिउँमा गर्न सकिने विभिन्न गतिविधि खासै सञ्चालन हुन सकेका छैन । संसारमा रहेका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालमध्ये आठ वटा हिमाल नेपालमै पर्दछ । यसमध्ये विश्वको सर्वोच्च शिखर सगरमाथा पनि एक हो । नेपालमा रहेका हिमालहरु आरोहणका लागि विश्व प्रसिद्ध मानिएको छ । यस्तै पदयात्राका लागि पनि नेपालका महत्वपूर्ण हिमालहरु आकर्षक गन्तव्यका रुपमा परिचित छन् । विगत केही वर्ष अघिदेखि नेपालका केही हिमालमा खेलाइने स्की जस्ता खेल पनि विश्वमा लोकप्रिय बन्दै गइरहेको छ ।

नेपालका अन्नपूर्ण, मनास्लु, धवलागिरिलगायतका हिमालमा स्की खेल खेलाइने गरिएको छ । धवलागिरि पुठा हिउँचुली स्कीका लागि लोकप्रिय मानिएको छ । यसैगरी केही वर्षदेखि मेरापिक, यालापिकजस्ता हिमालमा आरोहण तथा स्की गराइने गरिएको छ । थोरङ्गला पास, मुक्तिनाथ जस्ता पर्वतीय क्षेत्रमा पदयात्रा तथा स्की साथसाथै गराइने गरिएको छ । अछामको खप्तड, बागलुङको ढोरपाटन र दोलखाका विभिन्न स्थामा स्की खेल्न सकिन्छ ।

### राष्ट्रिय स्की च्याम्पियनसीपको तयारी

नेपालका हिमाली भेगमा विगत केही वर्षदेखि स्की खेलसम्बन्धी प्रतियोगिता आयोजना हुँदै आइरहेको छ । अग्ला हिमाल र चुली प्रशस्त रहेको नेपालमा हिउँमा चिप्लिएर खेलिने साहसिक खेल स्कीको विकास एवम् प्रवर्द्धनको प्रयास सुरु भएको छ । नेपाल स्की सङ्घले आगामी जनवरी महिनाको अन्यसम्ममा स्की खेलको पाचौं राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने लक्ष्य राखेको जानकारी सार्वजनिक भएको छ । नेपालमा सन् २००६ मा स्की सङ्घको स्थापना भएको थियो । सङ्घले २०७२ सालको भूकम्पपछि रसुवाको क्यानजिङमा राष्ट्रिय स्की च्याम्पियनसीपको आयोजना गरेको थियो ।

विगतमा राष्ट्रिय प्रतियोगिता भैसकेको मुस्ताङमा यसपालि पनि प्रतियोगिता गर्ने लक्ष्य राखिएको छ । स्की प्रतियोगिता सञ्चालन गर्न सकिने अन्य स्थानको पनि खोजी भैरहेको छ । दुई वर्षदेखि स्कीको राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिएको छैन । एमेच्योर खेलाडीहरुले स्की खेल्न सक्ने सम्भावित स्थानहरुमा हिउँ नपरेको कारण प्रतियोगिताको आयोजना गर्न नसकिएको हो ।

### ओलम्पिकमा प्रतिनिधित्व

नेपालले सन् २००२ को हिउँदे ओलम्पिकमा पहिलोपटक स्की खेलमा प्रतिस्पर्धा गरेको थियो । त्यतिखेर जयराम खडकाले डेढ किलोमिटर दूरीको प्रतिस्पर्धा चार मिनेट ४८ दशमलव ४ सेकेण्ड टुङ्ग्याई ७० औं स्थान प्राप्त गर्नु भएको भने १० किलोमिटर दूरीको प्रतिस्पर्धामा भने ७९ औं स्थान हासिल गर्नु भएको थियो । त्यसपछि नेपालको विभिन्न हिउँदे ओलम्पिक तथा हिउँदे एसियाली खेलकुदमा सहभागिता रहेको थियो । तर त्यतिखेर विदेशमा रहेका नेपालीहरुलाई नेपालको तर्फबाट प्रतिनिधित्व गराइने गरिएको थियो । सन २०१४ देखि विभिन्न कारणले नेपालको हिउँदे ओलम्पिकमा सहभागिता हुन सकेको छैन ।

सन् २०१४ मा रसियाको सोचीमा आयोजित हिउँदे ओलम्पिकमा स्विजरल्याण्डमा बस्ने नेपाली दाछिरी शेर्पाले नेपालको प्रतिनिधित्व गर्नु भएको थियो । त्यतिखेर १५ किलोमिटरको क्रस कन्ट्री स्की प्रतियोगितामा उहाँ ८६ औं हुनु भएको थियो । शेर्पाले विभिन्न दुई वटा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको प्रतिनिधित्व गर्नु भएको थियो । सोची ओलम्पिकपछि दुई वटा हिउँदे ओलम्पिकमा नेपालको सहभागिता हुन सकेन । कोभिडको प्रकोपलगायत अन्य कारणले हिउँदे ओलम्पिकमा सहभागी नभएको नेपालले सन् २०२६ मा इटलीको टोरिनोमा आयोजना हुने हिउँदे ओलम्पिकमा भाग लिनका लागि नेपाली खेलाडीको छनोट गरिने भएको छ ।

चीनको डारबिनमा यही फेब्रुवरीमा हुन गइरहेको हिउँदे एसियाली खेलकुदमा पनि नेपालले भाग लिने निश्चित भैसकेको छ । यसअघिका हिउँदे एसियाली खेलकुदमा पनि नेपाली स्की खेलाडीहरुले खेल्दै आइरहेका छन् । बिगतमा जस्तो विदेशमा रहेका नेपालीलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाउनु पर्ने अवस्था अहिले छैन । नेपाल स्की सङ्घले नेपालमै खेलाडीहरुको उत्पादन गरी हिउँदे एसियाली खेलकुद, युथ ओलम्पिक जस्ता प्रतियोगितामा भाग लिन पठाउने गरेको छ । तर नेपालमा स्की खेलका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्न सकिएको छैन । नेपालमा स्की प्रशिक्षण केन्द्र नभएकाले खेलाडीहरुलाई विदेशमा प्रशिक्षणका लागि पठाउनु पर्ने अवस्था रहेको छ । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको छात्रवृत्तिको आधारमा खेलाडीहरुले यस्ता महत्वपूर्ण प्रशिक्षण हासिल गर्ने अवसर पाउने गरेका छन् ।

### पर्वतीय प्रशिक्षण प्रतिष्ठानको सक्रियता

नेपालमा पर्वतारोहणसम्बन्धी स्नातकोत्तर स्तरसम्म अध्यापन सञ्चालन गर्दै आइरहेको नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानले पनि स्की खेलको विकासका लागि प्राथमिकता दिएको छ । अन्तर्राष्ट्रिय पर्वतीय पथप्रदर्शक बन्नका लागि स्कीको प्रशिक्षण अनिवार्य भएकाले प्रतिष्ठानले विगतमा भारतको मोनालीमा पथप्रदर्शकहरु पठाउने गरेको थियो । हाल यस्तो प्रशिक्षणका लागि नेपाली प्रशिक्षकहरुलाई स्विजरल्याण्ड तथा फ्रान्समा पठाउने गरिएको छ । यसबाहेक विदेशमै स्कीसम्बन्धी प्रशिक्षण लिएर अन्तर्राष्ट्रिय पथप्रदर्शक बन्नेहरु पनि बढ्दैछन् । यस्ता तालिम प्राप्त जनशक्तिलाई हिउँदे ओलम्पिक तथा एसियाली खेलकुदमा खेलाडी तथा प्रशिक्षकका रुपमा सहभागी गराउनसके नेपाल पदकको दाबेदार बन्न सक्ने सम्भावना नकार्न सकिँदैन ।



नेपालमा स्की खेलको प्रचुर सम्भावना भए पनि त्यसको विकास तथा विस्तारका लागि सरकारको सक्रियता अपेक्षित मानिएको छ । स्कीको सम्भावना भएका हिमालहरु खुल्ला गर्दै त्यस्ता गतिविधिमा इच्छुक नेपालीहरुको संलग्नता पनि बढाउँदै लैजानु पर्दछ । साहसी आरोहीका रुपमा विश्व कीर्तिमान कायम गरिसकेका नेपालीलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा समावेश गराउन सरकारका तर्फबाट ठोस कदम अपेक्षित मानिएको छ । आगामी दिनमा यस्ता तालिम प्राप्त जनशक्तिलाई खेलाडी तथा प्रशिक्षकका रुपमा सहभागी गराउन सके नेपालले हालसम्म पाउन नसकेको ओलम्पिक पदकको दाबेदार बन्नसक्ने सम्भावना रहेको छ ।

हिमालको आधारशिविर, चुली एवम् हिमाली क्षेत्रमा हिउँ पाइने भएकाले स्की खेलको विकास गरेर पर्यटक आकर्षित गर्न सकिन्छ । स्की तथा स्नोबोर्डिङ नेपालमा पर्यटक आकर्षित र प्रवर्द्धन गर्ने साहसिक खेलका रुपमा विकास गर्न सकिन्छ । दक्षिण कोरिया, चीन, स्विट्जरल्याण्डलगायत पहाड भएका देशले साहसिक खेलकै माध्यमबाट पर्यटक भित्र्याएर करोडौं नगद जम्मा पारेका छन् । स्की खेल विशेषगरी युरोपमा निकै लोकप्रिय छ । दक्ष खेलाडी उत्पादन गरी राष्ट्रिय र अन्तर ाष्ट्रियस्तरमा खेलको विकास गर्दै पर्यटनसँग जोड्न सके स्कीले फड्को मार्ने र यसतर्फ आकर्षण बढ्ने देखिन्छ । (लेखक खेल पर्यटनका जानकार हुनुहुन्छ)

# राजनीतिको उतारचढावमा र शेयर बजार



रिसव गौतम

हालैका दिनमा अन्तर्राष्ट्रिय क्षेत्रमै तरङ्ग ल्याउने घटनाका रुपमा अमेरिकी राष्ट्रपति निर्वाचनमा डोनाल्ड ट्रम्पको पुनरोदय चर्चामा छ । अक्सर एकचोटि हारेपछि पुनः नदोहोऱ्याउने एक सय ३० वर्षे अमेरिकी इतिहासलाई ब्रेक गर्दै डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालका लागि विजयी हुँदै गर्दा अमेरिकी शेयर बजारमा उछाल आयो । अमेरिकी राष्ट्रपतिमा ट्रम्पको पुनरोदयसँगै अमेरिकाको मात्र होइन, युरोप र एसियाका पनि कतिपय देशको शेयर बजारमा समेत सकारात्मक प्रभाव परेका समाचारहरु अन्तर्राष्ट्रिय समाचार माध्यमहरुमा छाए । त्यतिमात्र होइन, अमेरिकी राष्ट्रपतिमा ट्रम्पको उदयसँगै डलर र विट क्वाइनले नयाँ रेकर्ड कायम गरेको छ ।

विश्वमा प्रजातान्त्रिक पुँजीवादको उच्चतम अभ्यास गरिरहेको अमेरिकामा अर्बपति व्यक्तित्व ट्रम्पको पुनरोदयले संसारभर कस्तो प्रभाव रहला भनेर अहिले सर्वव्यापी बहस भइरहेका छ । अमेरिकामा ट्रम्पको उदयले नेपाललाई कस्तो प्रभाव पार्ला भनेर नेपालमा पनि सानोतिनो बहस भइरहेको छ । वास्तवमा अमेरिकी पुँजीवाद र खुल्ला समाज बुझ्न ट्रम्पको व्यक्तित्व, चरित्र र स्वभाव बुझे पुग्छ । व्यक्तित्व नै पुँजीवादी दर्सिने नवनिर्वाचित अमेरिकी राष्ट्रपतिलाई शेयर बजारले भव्य स्वागत गरेको देखिन्छ । राजनीति र शेयर बजारको सम्बन्ध दर्साउन हालैको अमेरिकी चुनाव र त्यसको परिणाम एउटा दरिलो उदाहरण हुनसक्छ ।

राजनीतिले जहिल्यै शेयर बजारलाई असर गर्ने सम्भावना हुन्छ । यो तथ्य शेयर बजारमा व्यावसायिक हिसाबले लाग्नेहरुलाई मात्र होइन, अब त नेपालमै पनि सामान्य लगानीकर्ताहरुलाई समेत थाहा भइसकेको छ । तर राजनीतिक उतारचढावले शेयर बजारलाई कुन हदसम्म र कति समयसम्म असर गर्ने सम्भावना हुन्छ भन्ने कुरा बेग्लै हो । खासगरी राजनीतिक दलहरु विभिन्न सिद्धान्त बोकर अस्तित्वमा हुन्छन् । जस्तो कि कोही कम्युनिष्ट विचारधारा बोकेर अस्तित्वमा छन् त कोही उदार तथा प्रजातान्त्रिक विचार बोकेका हुन्छन् भने कतिपय दलहरु अलिअलि उदार र अलअलि नियन्त्रित विचारधाराको पक्षपोषक हुन्छन् । त्यसकारण विभिन्न विचारधारा बोकेका राजनीतिक दलहरुले सतहमा गर्ने गतिविधि, राजनीतिक उतारचढाव, सत्ता फेर बदल तथा फेरबदल हुने खालका सङ्केत तथा गतिविधि, त्यस खालका समाचारहरुले शेयर बजारमा प्रभाव पार्दछ, जसले बजारलाई बढाउने तथा घटाउने गर्दछ ।

| **१. नाम : सविला खातुन**<br>पतिको नाम : शेख मिरहुसेन<br>ससुरोको नाम : शेख तैयव<br>ठेगाना : वसविटी जिंगडिया - ८, रौतहट<br>हालको ठेगाना : गरूडा - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२३०८५/१११<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/१४ | **२. नाम : आशमा शेखिन**<br>पतिको नाम : शेख तैयव<br>ससुरोको नाम : शेख रहमान<br>ठेगाना : वसविटी जिंगडिया - ८, रौतहट<br>हालको ठेगाना : गरूडा - ८, रौतहट<br>ना.प्र.प.नं. : ०२५३९५<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०३६/०३/०५ |
| **३. नाम : रोही वेगम**<br>पतिको नाम : रूसतम आलम<br>ससुरोको नाम: शेख मिरहुसेन<br>ठेगाना : वसविटी जिंगडिया - ८, रौतहट<br>हालको ठेगाना : गरूडा - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२-०६-७६-०१६४३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/०६/१६ | **४. नाम : रूमाना वेगम**<br>पतिको नाम : जाकिर हुसेन<br>ससुरोको नाम: शेख तैयव<br>ठेगाना : वसविटी जिंगडिया - ८, रौतहट<br>हालको ठेगाना : गरूडा - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२१०८५/६१६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६७/१०/०२ |
| **५. नाम : समिना खातुन**<br>पतिको नाम : जामिरूदीन<br>ससुरोको नाम: शेख तैयव<br>ठेगाना : वसविटी जिंगडिया - ८, रौतहट<br>हालको ठेगाना : गरूडा - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२३०८५-१३८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/१४ | **६. नाम : शेख तैयव**<br>बाबुको नाम शेख रहमान<br>बाजेको नाम : शेख असगर<br>ठेगाना : वसविटी जिंगडिया - ८, रौतहट<br>हालको ठेगाना : गरूडा - ८, रौतहट<br>ना.प्र.प.नं. : ०२५६६०<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०३६/०३/०५ |
| **७. नाम : शेख मिरहुसेन**<br>बाबुको नाम शेख तैयव<br>बाजेको नाम : शेख रहमान<br>ठेगाना : वसविटी जिंगडिया - ८, रौतहट<br>हालको ठेगाना : गरूडा - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२३०८५-६९<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/१६ | **८. नाम : शेख जामिरूदीन**<br>बाबुको नाम शेख तैयव<br>बाजेको नाम : शेख रहमान<br>ठेगाना : वसविटी जिंगडिया - ८, रौतहट<br>हालको ठेगाना : गरूडा - ८, रौतहट<br>ना.प्र.प.नं. : १३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५८/०४/०३ |

**धितोको विवरण**

आशमा शेखिनको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको सखुअवा घमौरा - १, रौतहट स्थित कित्ता नं. ५८९ को क्षेत्रफल ०-२-५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ३०. | **नाम : निर्मला देवी साह**<br>पति : वैधनाथ प्रसाद साह<br>ससुरा : पल्टु साह<br>ठेगाना : सहोडवा - ६, महोत्तरी<br>हाल : पिपरा - ६, महोत्तरी<br>ना.प्र.प.नं. : १८३०१८/४६८<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/३०<br>**शाखा कार्यालय : लोहारपट्टी** | **नाम : वैधनाथ प्रसाद साह**<br>बाबु : पल्टु साह<br>बाजे : मुनि साह<br>ठेगाना : सहोडवा - ६, महोत्तरी<br>हाल : पिपरा - ६, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०१९५७<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४५/०५/२१ |

**धितोको विवरण**

निर्मला देवी साहको नाममा मालपोत कार्यालय जलेश्वरमा दर्ता रहेको वनौली - ८/१८, महोत्तरी स्थित कित्ता नं. १२९८ को क्षेत्रफल ०-०-१३ भएको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ३१. | **नाम : उमेश हजरा दुसाद**<br>बाबुको नाम : नन्दलाल हजरा दुसाद, बाजेको नाम : जिमन हजरा दुसाद<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट, हाल : वृन्दाबन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३५७, जि.प्र.का. रौतहट, जारी मिति : २०५७/०५/२०<br>**शाखा कार्यालय : गरुडा रौतहट** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : अनार देवी**<br>पतिको नाम : उमेश पासवान<br>ससुराको नाम : नन्दलाल हजरा दुसाद<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दाबन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२३०८४/८७८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/१२ | **२. नाम : सलिन्द्र पासवान**<br>बाबुको नाम : नन्दलाल हजरा दुसाद<br>बाजेको नाम : जिमन हजरा दुसाद<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दाबन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८४/१३८६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६५/०३/३० |

**३. नाम : नन्दलाल हजरा दुसाद**
बाबुको नाम : जिमन हजरा दुसाद, बाजेको नाम : कोदै हजरा दुसाद
ठेगाना : सखुअवा धमौरा - ८, रौतहट, हाल : वृन्दाबन - ६, रौतहट
ना.प्र.प.नं. : २४८७६, जि.प्र.का. रौतहट, जारी मिति : २०३६/०२/१८

**धितोको विवरण**

उमेश हजरा दुसादको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता रहेको सखुअवा धमौरा - ८, रौतहट स्थित कित्ता नं. ६७८ र २०९९ को क्षेत्रफल क्रमशः ०-२-१५ र ०-४-५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ३२. | **नाम : आयुष स्टोर्स**<br>दर्ता गर्ने निकाय : वाणिज्य, आपूर्ति तथा संरक्षण कार्यालय, वीरगंज, पर्सा<br>कम्पनी दर्ता नं. : २७९७२/०६७/०६८, दर्ता मिति : २०६७/०८/०७<br>पान नं.: ३०४५१२६८७, दर्ता मिति : २०६७/०८/०७<br>दर्ता ठेगाना : वीरगंज - ११, पर्सा<br>**प्रोप्राइटर : सिमा देबी गुप्ता** |

**नाम : लालबाबु प्रसाद गुप्ता**
बाबुको नाम : नन्दलाल साह कानु, बाजेको नाम : नरसिंह साह कानु
ठेगाना : रामपुर खे. -७, बारा, हाल : वीरगंज -१५, पर्सा
ना.प्र.प.नं. : १३४६७, जि.प्र.का. बारा, जारी मिति : २०५४/०७/०६
**शाखा कार्यालय : वीरगंज**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : लालबाबु प्रसाद गुप्ता**<br>बाबुको नाम : नन्दलाल साह कानु<br>बाजेको नाम : नरसिंह साह कानु<br>ठेगाना : रामपुर खे. - ७, बारा<br>हाल : वीरगंज - १५, पर्सा<br>ना.प्र.प.नं. : १३४६७, जि.प्र.का. बारा<br>जारी मिति : २०५४/०७/०६ | **२. नाम : सिमा देबी गुप्ता**<br>पतिको नाम : लालबाबु प्रसाद गुप्ता<br>ससुराको नाम : नन्दलाल साह कानु<br>ठेगाना : रामपुर खे. -७, बारा<br>हाल : वीरगंज -१५, पर्सा<br>ना.प्र.प.नं. : ३३३००९७/५०<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६३/११/१० |

**३. नाम : अंकिता गुप्ता**
बाबुको नाम : लालबाबु प्रसाद गुप्ता, बाजेको नाम : नन्दलाल साह कानु
ठेगाना : रामपुर खे. -७, बारा, हाल : वीरगंज -१५, पर्सा
ना.प्र.प.नं. : ३३-०१-७५-०२६९५ जि.प्र.का. बारा, जारी मिति : २०७५/०३/१५

**धितोको विवरण**

सिमा देबी गुप्ताको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको मूर्ली बी, -३, पर्सा स्थित कित्ता नं. ८०७ को क्षेत्रफल ०-०-८ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ३३. | **नाम : बनहु महरा**<br>बाबुको नाम : बद्री महरा चमार, बाजेको नाम : खेदी महरा चमार<br>ठेगाना : गम्हरिया विर्ता - ८, रौतहट, हाल : वृन्दावन - ८, रौतहट<br>ना.प्र.प.नं. : ९३७८, जि.प्र.का. धनुषा, जारी मिति : २०४५/०२/२५<br>**शाखा कार्यालय : गरुडा** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : कमोधिया देवी**<br>पतिको नाम : बनहु महरा<br>ससुराको नाम : बद्री महरा चमार<br>ठेगाना : गम्हरिया विर्ता -८, रौतहट<br>हाल : वृन्दावन - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२३०७७-७८२<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/२६ | **२. नाम : सरमिला देवी**<br>पतिको नाम : अमृत महरा<br>ससुराको नाम : बनहु महरा<br>ठेगाना : गम्हरिया विर्ता -८, रौतहट<br>हाल : वृन्दावन - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२३०७७/२७१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०१/३० |
| **३. नाम : रामकली देवी**<br>पतिको नाम : गान्धी महरा<br>ससुराको नाम: :बद्री महरा चमार<br>ठेगाना : गम्हरिया विर्ता - ८, रौतहट<br>हाल : वृन्दावन - ८, रौतहट<br>ना.प्र.प.नं. : ३२३०७७/९३६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/२८ | **४. नाम : गान्धी राम**<br>बाबुको नाम : बद्री महरा चमार<br>बाजेको नाम : खेदी महरा चमार<br>ठेगाना : गम्हरिया विर्ता - ८, रौतहट<br>हाल : वृन्दावन - ८, रौतहट<br>ना.प्र.प.नं. : ३५२<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६०/०४/३१ |

**५. नाम : अमृत महरा**
बाबुको नाम : बनहु महरा, बाजेको नाम : बद्री महरा चमार
ठेगाना : गम्हरिया विर्ता - ८, रौतहट, हाल : वृन्दावन - ८, रौतहट
ना.प्र.प.नं. : ३२३०७७/७८३, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/१२/०२

**धितोको विवरण**

बनहु महराको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेस्ता कायम रहेको गम्हरिया विर्ता - ७, रौतहट स्थित कि.नं. ७०४ को क्षेत्रफल ०-०-९$^{१/२}$ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ३४. | **नाम : बिटु मोबाइल सेन्टर**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग गौर, रौतहट<br>दर्ता नं. : १०७९४/१३९४/४२२/११३, दर्ता मिति : २०७८/११/०२<br>रजिष्टर्ड कार्यालय : गौर, रौतहट<br>**प्रोप्राइटर : महमद इनताज आलम, शाखा कार्यालय : गरुडा, रौतहट** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : महमद इनताज आलम**<br>बाबुको नाम : मजिद मिया<br>बाजेको नाम : इसलाम मिया<br>ठेगाना : बगिही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : २३३०६९/२३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०२/२२ | **२. नाम : महमद कलिममुल्लाह आलम**<br>बाबुको नाम : मजिद मिया<br>बाजेको नाम : इसलाम मिया<br>ठेगाना : बगिही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७६-०२९०६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/०३/१८ |
| **३. नाम : मजिद मिया**<br>बाबुको नाम : इसलाम मिया<br>बाजेको नाम : कमरूद मिया<br>ठेगाना : बगिही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ५६१८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/३० | **४. नाम : कमरूल नेशा**<br>पतिको नाम : मजिद मिया<br>ससुराको नाम : इसलाम मिया<br>ठेगाना : बगही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : २८१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/०९ |
| **५. नाम : नाजनी खातुन**<br>पतिको नाम : मोमताज आलम<br>ससुराको नाम : मजिद मिया<br>ठेगाना : बगही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७३-०९५६१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७३/११/२३ | **६. नाम : सहिमा खातुन**<br>पतिको नाम : महमद इनताज आलम<br>ससुराको नाम : मजिद मिया<br>ठेगाना : बगही - ७, रौतहट<br>हाल : कटहरीया - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७८-११६४६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७४/०९/०४ |

**धितोको विवरण**

मजिद मियाको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको पिप्रा पोखरीया - ४, रौतहट स्थित कित्ता नं. ७८७ र ५६७ को क्षेत्रफल क्रमशः ०-०-१२$^{१/२}$ र ०-४-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ३५. | **नाम : ज्योतिक सहनी**<br>बाबुको नाम : भजन सहनी<br>बाजेको नाम : फगुनि सहनी<br>ठेगाना : मलाही - ५, रौतहट<br>हाल : गरुडा - ३, रौतहट<br>ना.प्र.प.नं. : ६८०७, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६१/०२/१८<br>**शाखा कार्यालय : गरुडा** | **नाम : रामकली देवी**<br>पतिको नाम : ज्योतिक सहनी<br>ससुराको नाम : भजन सहनी<br>ठेगाना : मलाही - ५, रौतहट<br>हाल : गरुडा - ५, रौतहट<br>ना.प्र.प.नं. : ३२३०९४/२६८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१०/०५ |

**धितोको विवरण**

ज्योतिक सहनी को नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको मलाही - ६, रौतहट स्थित कित्ता नं. ३४० क्षेत्रफल ०-२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ पौष ३ गते बुधबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ पौष ४ गते बिहीबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# फापरखेती गर्न किसानको मोह छैन



ढोरपाटन । बागलुङको निसीखोला-४ का नरबहादुर घर्तीले बर्सेनि करिब १० मुरी फापर उत्पादन गर्नुहुन्थ्यो । तीते र मिठे गरी दुई जातका फापर उत्पादन गर्दै आउनुभएका घर्तीले तीन वर्ष यता यसको खती गर्न छोड्नु भएको छ । मकै फल्ने बारीमै लगाइने फापर आयातीत खाद्यन्न प्रयोग बढ्दै गएपछि खेती हुन छोडेको हो । गाउँको पाखो बारीमै फलाउन सकिने भए पनि खनजोत गर्ने खेतालाको अभाव हुँदै गएपछि उहाँले फापरखेती गर्न छोड्नु भएको हो ।

अचेल गाउँमै बसेर रैथाने बालीको खेती गर्ने किसानाको सङ्ख्या निकै कम छ । उन्नत जातका बीउबिजन प्रयोग गरेर खेतीपाती गर्न थालेपछि परम्परागत खेती प्रणाली फेरिनाका साथै रैथाने बाली लोप हुन थालेको उहाँको भनाइ छ । पहिले बारीमा फापर नलगाउने कोही नहुने भन्दै अहिले गाउँमै कसैले पनि यसको खेती नगर्ने बताउनुभयो । पहिले चामल ल्याउनका लागि हप्तादिन लगाएर बुटवल पुग्नुपर्ने हुँदा गाउँमै फापर उत्पादन गर्ने गरेको भन्दै अहिले घरघरै दोकान खुलेपछि रैथाने बाली उत्पादन गर्न छोडेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "पहिले गाउँमा दुःख थियो, एक छाक खानका लागि धेरै काम गर्नु पर्थ्यो, बारीमा फापर, कोदो र मकैबाहेक अरू फल्दैनथ्यो, अहिलेको जस्तो चामल नपाएपछि आँटो, ढिँडो र रोटी नै खानुको विकल्प थिएन, त्यही भएर खेती किसानी गर्न मान्छेहरु बाध्य थिए, अहिले अलिअलि पैसा कमाउने भएर गाउँ घरैमै चामलाका बोरा आउन थालेपछि कोदो, फापरखेती किन गरून् ?"

व्यावसायिक रुपमा फापरखेतीप्रति किसानको आकर्षण हुन घट्दै गएपछि लोपन्मुख अवस्थामा पुगेको छ । फापरका परिकार उच्च रक्तचाप र सुगर (मधुमेह)का बिरामीका लागि उत्तम मानिने हुँदा बजारमा माग भने बढ्दो छ । बागलुङको निसेलढोर, उत्तरगङ्गा क्षेत्र, भल्कोट, खुङ्गा, तमान, स्याउला, हिल, तारा, बोबाङलगायत उच्च क्षेत्रमा कोदोखेती गरिन्थ्यो । तमानखोला गाउँपालिका-२ का भक्तबहादुर सिर्पालीले पाँच वर्ष अगाडिसम्म आफूले करिब सात रोपनी जग्गामा फापरखेती गरे पनि अहिले छोडेको बताउनुभयो ।

"हाम्रो बाउबाजेले फापरको आँटो, ढिँडो र रोटी खायो भने तागत दिन्छ भन्थे, चामल कमै हुने हुँदा भात दसैँ, तिहार र अरू चाडपर्वमा खाने गर्थ्यौं, अहिले ढिँडो खानलाई फापर र कोदोखेती हुन छोड्यो, बजारबाट चामल लिएर दिनकै भात खानुपर्छ", सिर्पालीले भन्नुभयो, "पहिले गाउँमा भात खाने उही धेरै खेत हुने हुन्थे, हामी त गाउँमा माथिपट्टि बस्ने कोदो र फापरखेती गरेर आँटो ढिँडो खान्थ्यौं ।"

बागलुङमा अहिले ८५ हेक्टरमा क्षेत्रफलमा फापरको खेती हुने गरेको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख राजेश्वर सिलवालले जानकारी दिनुभयो । हरेक वर्ष बागलुङमा एक सय २० मेट्रिक टन फापर उत्पादन हुने उहाँको भनाइ छ ।रासस

# रेन्बो ट्राउट माछा बेचेर वार्षिक तीन करोड आम्दानी



पर्वत । स्वदेशमा उद्यम-व्यवसायका अथाह सम्भावना हुँदाहुँदै दैनिक सयौँ युवायुवती विदेशिने क्रम बढेका बेला यहाँका एकजना पूर्वराष्ट्रसेवक एवं जनप्रतिनिधिले रेन्बो ट्राउट माछा बेचेर वार्षिक रु तीन करोड आम्दानी गरेका छन् ।

मोदी गाउँपालिका-२ देउपुरका विकास तिमिल्सिनाले गाउँमै रेन्बो ट्राउट माछापालनबाट यति धेरै आम्दानी गर्न सफल हुनुभएको हो । एक्काइस वर्ष लामो प्रहरी सेवा र २०७४ सालको स्थानीय तहको निर्वाचनमा मोदी-२ देउपुरको वडाध्यक्ष बनेर कार्यकाल सक्नुभएका तिमिल्सिनाले अन्य चार जना स्थानीयवासीको लगानीमा रेन्बो ट्राउन फार्म सञ्चालन गर्नुभएको हो ।

मोदी-५ बाजुङको टिमुरेस्थित पातीखोलाको मुहानमा झण्डै ३० रोपनी क्षेत्रमा सञ्चालित फार्मबाट वार्षिक रु तीन करोडसम्म आम्दानी हुने गरेको उहाँले बताउनुभयो । फार्ममा उत्पादन क्षमता रहेको ३० टन माछा बिक्रीबाट रु तीन करोड आम्दानी भएको उहाँ बताउनुहुन्छ । लामो समय ट्राफिक प्रहरीमा रहेर प्रहरी सहायक निरीक्षकबाट अवकाश लिनुभएका तिमिल्सिना जागिर छाडेको तीन महिनामै जनप्रतिनिधि बन्नुभयो । जनप्रतिनिधि निर्वाचित भएसँगै व्यवसायमा जोडिनुभएका तिमिल्सिनाको समय हाल माछापालनमा बित्ने गरेको छ ।

चारैतिर वन र दुईतिर खोलाको बीचमा रहेको मोदी रेम्बो ट्राउट प्रालि चिसो पानीमा हुर्कने रेन्बो ट्राउट माछापालनका लागि उपयुक्त हावापानी भएको ठाउँ हो । पोखरा-बागलुङ राजमार्गअन्तर्गत पातिचौर बजारबाट पाँच किलोमिटरको दूरीमा पुग्न सकिने उहाँको फार्म जोकोहीका लागि मन लोभ्याउने केन्द्र बन्न पुगेको छ ।

उहाँका फार्म यतिबेला विभिन्न क्लब, सङ्घसंस्था, विद्यालय तथा कलेजका विद्यार्थी एवं किसानका लागि अवलोकनस्थल पनि बनेको छ । पछिल्लो समय बाह्य पर्यटक तथा मत्स्यप्रेमी अवलोकन, माछा मार्न, विभिन्न परिकार बनाएर खानका लागि फार्ममै आउने गरेका छन् । उत्पादित ट्राउट

> **रेम्बो ट्राउट प्रतिकेजी रु एक हजारमा बिक्री हुन्छ । स्थानीय लोकल मोदीखोलाको माछाको स्वादमा पाइने उहाँको फार्मको माछा धेरैको रोजाइमा छ ।**

माछा पोखरा-काठमाडौँका माछा पारखीसम्म पुर्याउन भ्याइनभ्याई छ । वार्षिक तीस टन माछा उत्पादन हुने फार्ममा हाल पाँच जनाले रोजगारी पाएका छन् ।

विसं २०७१ देखि सुरु भएको उक्त फार्म केही वर्षअघि आएको बाढीले पूर्ण रुपमा क्षति भएपछि नजिकै थप जग्गा व्यवस्थापन गरी विकास तिमिल्सिना, यामप्रसाद शर्मा, प्रेम पौडेल, राजेश शाही र राजु खड्काले सामूहिक लगानीमा पुनः सञ्चालन गर्नुभएको थियो । फार्मबाट भएको आम्दानीमध्ये सबै खर्च कटाएर रु करोड १५ लाख बचत हुने गरेको छ । अस्थायी र स्थायी गरी ३७ वटा पोखरी रहेका सो फार्ममा सुरुमा तत्कालीन कृषि विकास कार्यालय पर्वतले प्राविधिक सहयोग उपलब्ध गराएको थियो । पछिल्लो समयमा कृषि ज्ञान केन्द्रले केही प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छभने मत्स्य विकास केन्द्रले पनि फार्मको स्तरोन्नति तथा पोखरी निर्माणका लागि आर्थिक सहयोग गरेको छ ।

रेम्बो ट्राउट प्रतिकेजी रु एक हजारमा बिक्री हुन्छ । स्थानीय लोकल मोदीखोलाको माछाको स्वादमा पाइने उहाँको फार्मको माछा धेरैको रोजाइमा छ । कुश्मा-बागलुङको बजारका अतिरिक्त पोखरा, काठमाडौँकामा माछाको माग रहेको तिमिल्सिनाले बताउनुभयो । गत वर्षदेखि उहाँले भुरा आफैँ उत्पादन गर्न थाल्नुभएको छ ।रासस

## गुल्मीमा धान उत्पादन बढ्यो

गुल्मी । जिल्लामा यस वर्ष धान उत्पादनमा वृद्धि भएको छ । गत वर्ष २४ हजार चार सय २६ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष २५ हजार एक सय ४३ मेट्रिक टन धान फलेको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालका अनुसार जिल्लामा धान उत्पादनमा वृद्धि भए पनि धानखेती गरिएको क्षेत्रफल भने यो वर्ष घटेको छ । गत वर्ष सात हजार चार सय ३९ हेक्टरमा धानखेती गरिएकामा यो वर्ष सात हजार दुई सय ८८ हेक्टरमा त्यो सीमित रह्यो ।

समयमा वर्षा, उन्नत तथा हाइब्रिड बीउको प्रयोग, यान्त्रिकीकरण र समयमा रासायनिक मलको उपलब्धताले उत्पादन बढेको हो गत वर्षभन्दा यस वर्ष बर्खे धान उत्पादनमा भने १४ प्रतिशतले कमी आएको छ । यस वर्ष बर्खे धान एक हजार दुई सय ८६ मेट्रिक टन र हिउँदे धान २४ हजार ४३ मेट्रिक टन उत्पादन भएको छ ।

जिल्लाका इस्माको चौरासी, सत्यवतीको जोहाङ, उर्लीखोला कालीगण्डकीको अर्बेनी, कनौटा, छापचौर, सत्यवतीको जुहार खैरेनी, अस्लेवा, चन्द्रकोटको मजुवा, रुपाकोट फाँट धान उत्पादनका निम्ति उर्वर मानिन्छन् । मुसिकोट नगरपालिकाको तल्लाफाँट, इन्द्रेगौडा, बडीगाढको सुदी खोलाको आसपासका क्षेत्र, मालिका गाउँपालिकाको सिमलटारी, फूलबारी, मदानेको सिर्सेनी, धुर्कोटको छल्दी र पनाहा फाँट, गुल्मी दरबारको गरमटारी, छत्रकोटको खर्ज्याङ, मनबागलगायत फाँटमा पनि अधिक धान उत्पादन हुने गरेको छ ।

यहाँ हंसराज, झोत्री, काठे, भिनुवा, सानोभट्टे, ठूलोभट्टे, कोडे, मँडियारे, रातो मार्सी र मार्सीलगायत जातका धान उत्पादन हुँदै आएको छ ।रासस

# स्याङ्जाका स्कूले पढ्दै, कुखुरापालनमा रमाउँदै

वालिङ । 'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत बिरुवा गाउँपालिका-७ कुसुमभञ्ज्याङस्थित जीवनज्योति माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीले कुखुरापालन गरेका छन् । त्यसबाट उनीहरूले सामान्य खर्चको जोहो गर्दै आएका छन् ।

प्रधानाध्यापक सामबहादुर गुरुङका अनुसार पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका बालबालिकाले विद्यालय परिसरमा नै कुखुरापालन गरेका हुन् । विद्यालय परिसरमा गिरीराज र कोइलरका दुई सय वटा कुखुरापालन गरिएको छ । पढाइको अलावा विद्यार्थीलाई व्यावहारिक ज्ञान, सीप दिनुका साथै विद्यालय तहबाट गरेको छ । विद्यालयमा पढाइसँगसँगै सिकेको व्यावहारिक सीपलाई घर गएर पनि विद्यार्थीले उपयोग गर्न सक्ने बनाउन विद्यालयले चल्ला उत्पादन गरी उपलब्ध गराउँदै आएको छ ।

विद्यार्थीले घरमा चल्ला लगेमा नयाँ चल्ला उत्पादन भएपछि साँवास्वरुप फिर्ता गर्ने र बाँकी रहेका चल्ला वा तिनले दिएका अण्डा आफैँले बिक्री गर्न पाउने व्यवस्था विद्यालयले मिलाएको छ । "विद्यार्थीले विद्यालय वा घरमा पालेका कुखुरा, चल्ला तथा अण्डा बिक्री गर्न विद्यालयले सहजकर्ताको भूमिका निर्वाह गर्दै आएको छ", उहाँले भन्नुभयो, "विद्यार्थीले आफैँ बिक्री गर्न पनि सक्ने र बिक्री नभएको खण्डमा विद्यालयले



नै आम्दानीसँग जोड्न यो कार्यक्रमले महत्त्वपूर्ण टेवा पुगेको छ ।

"विद्यालय परिसरमा विद्यार्थीको प्रत्यक्ष रेखदेखमा कुखुरापालन गरिएको छ", उहाँले भन्नुभयो, "विद्यालय सञ्चालन भएका दिनमा विद्यार्थीले रेखदेख गर्ने भए पनि बिदाका दिनमा भने छुट्टै कर्मचारीको व्यवस्था मिलाएका छौँ ।"विद्यालयमा पालिएको कुखुराले दिने अण्डाबाट विद्यालयमै रहेको ह्याचिङ मेसिनबाट चल्ला उत्पादन गर्ने र बिक्री गरी आम्दानीका रूपमा दाखिला हुने बजारीकरण गर्ने उल्लेख भए तापनि हालसम्म विद्यार्थी स्वयंबाट सहज तरिकाले बिक्री भइराखेको छ ।"

चालु शैक्षिकसत्रसँगै थालिएको यो अभियान निकै प्रभावकारी ढङ्गले अगाडि बढेको दाबी प्रधानाध्यापक गुरुङको छ । यस अभियानलाई प्रभावकारी ढङ्गले अगाडि बढाउँदै विद्यार्थीलाई सीपसँगै आर्थिक उपार्जनसँग जोड्न समन्वयकारी भूमिका निर्वाह गर्न स्रोत शिक्षकको व्यवस्था मिलाएको उहाँले बताउनुभयो ।रासस

# वैदेशिक रोजगारी छाडेर च्याउखेतीमा, मासिक एक लाखभन्दा बढी आम्दानी



धरान । सुनसरीको बराहक्षेत्र नगरपालिका-११ का दुई युवाले च्याउखेतीबाट मनग्य आम्दानी गरिरहनुभएको छ । दाजु रोशन र भाइ भरत गुप्ताले २०७७ सालमा दाजु भाई कृषि फर्म दर्ता गरी गाउँमै सुरु गर्नुभएको च्याउखेतीबाट राम्रो आम्दानी गरिरहनुभएको छ ।

सात वर्षसम्म वैदेशिक रोजगारीमा जीवन विताएर स्वदेश फर्किएपछि आफूहरुले व्यावसायिक च्याउखेती सुरु गरेको रोशन गुप्ताले बताउनुभयो । पहिलो वर्ष केही घाटा भए पनि त्यसपछि भने राम्रो आम्दानी भइरहेको उहाँले बताउनुभयो । उहाँका अनुसार हाल सबै खर्च कटाएर वार्षिक रु १२ लाख सजिलै बचत हुने गरेको छ । हाल उहाँहरुले पाँच वटा टनेलमा च्याउ खेती गर्नुभएको छ । च्याउ बजारमा थोकमा प्रतिकेजी रु एक सय ७० र फर्ममै किन्न आउने व्यापारीलाई रु एक सय ५० मा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

रोशनले भन्नुभयो, "च्याउ बिक्रीका लागि बजारको समस्या छैन । उत्पादन भएको च्याउ धरान, इटहरी, इनरुवा, दुहबी, गाईघाट, राजविराज, कल्याणपुर र स्थानीय बजार चक्रघटी, कालाबजार बराहक्षेत्र चतरालगायतमा पुग्ने गरेको छ ।" तत्कालीन समयमा रु ५० हजार लगानीमा सुरु गरेको च्याउ खेतीमा अहिले लगानी लाखौँमा पुगेको छ भने यहीबाटै परिवारका छ सदस्यलाई रोजगार पनि मिलेको छ । त्यसबाहेक थप करिब १० जनालाई जागिर पनि प्राप्त भएको छ ।

मासिक तलबमा काम गर्नेले मासिक रु १५ हजार र दैनिक ज्यालादारीमा काम गर्नेले रु पाँच सय काम गरिरहेका छन् । "व्यापार भएकाले सधै एकनास हुँदैन, कम जग्गामा पनि च्याउखेती गर्न सकिन्छ," उहाँले भन्नुभयो, "च्याउखेतीका लागि विशेष खालको स्याहारको आवश्यकता भने पर्छ ।"च्याउखेतीका लागि पराल र चुन आवश्यक पर्छ । त्यसबाहेक बास र खरले छाएको टहरासँगै प्लास्टिक पनि चाहिन्छ । विषादीको प्रयोग नहुने भएकाले यो स्वास्थ्यका लागि पनि राम्रो मानिने भएको यसको माग पनि बढ्दो रहेको रोशनले बताउनुभयो । उहाँका अनुसार हाल दैनिक तीन सय ५० केजीसम्म च्याउ बिक्री भइरहेको छ ।

साउनदेखि असोजको समय धेरै बिक्री हुने समय भएको उहाँको अनुभव छ । वर्षमा नौ महिना च्याउको राम्रो उत्पादन हुने उहाँको भनाइ छ । "विदेशमा गएर धेरै दुःख गर्नुभन्दा स्वदेशमै थोरै मेहनत गर्दा पनि राम्रो कमाइ हुने रहेछ । अहिले विदेश जाने कुरा सोच्न पनि सकिन्न", रोशनले भन्नुभयो । उहाँले च्याउ खेतीका गत वर्ष सुनसरी कृषि ज्ञान केन्द्रबाट रु एक लाख अनुदान पाउनु भएको थियो भने यस वर्ष बराहक्षेत्र नगरपालिकाले रु ९० हजार अनुदान दिएको थियो ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०८/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुदा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

<table>
<tr><td>क्र.सं.</td><td colspan="2">शाखा कार्यालय : बर्दिबास, महोत्तरी</td></tr>
<tr><td></td><td colspan="2">ऋणीको नाम, ठेगाना</td></tr>
<tr><td>१.</td><td colspan="2">नाम : एस.पी. एस कम्प्युटर सप्लायर्स<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय<br>प्रा.फ.र.नं. ६९८३/६५४/०७७/०७८, दर्ता मिति : २०७७/०९/०७, पान नं. ६१४५३४९५१, दर्ता मिति : २०७७/०९/०३<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १, प्रोप्राइटर : अर्चना महतो</td></tr>
<tr><td></td><td colspan="2">जमानतकर्ताको विवरण</td></tr>
<tr><td></td><td>१. नाम : अर्चना महतो<br>ना.प्र.नं. ८९९४४७०७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५९/०४/०९<br>पतिको नाम : रवि रंजन<br>ससुराको नाम : प्रेम विलास साह<br>ठेगाना : धनुषा जिल्ला, सोनीगामा वडा नं. २<br>हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ११</td><td>२. नाम : रवि रंजन<br>ना.प्र.नं. ३९६९५२५२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५५/०३/०९<br>बाबुको नाम : प्रेम विलास साह<br>बाजेको नाम : सरजुग साह<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ११</td></tr>
<tr><td></td><td colspan="2">ऋणीको नाम, ठेगाना</td></tr>
<tr><td>२.</td><td colspan="2">नाम : हिरा यादव<br>ना.प्र.नं. ३६९७३०९५, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५९/०६/२४<br>बाबुको नाम : राम दयाल यादव, बाजेको नाम : सिया लाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १, हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६</td></tr>
<tr><td></td><td colspan="2">जमानतकर्ताको विवरण</td></tr>
<tr><td></td><td>१. नाम : हिरावन यादव<br>ना.प्र.नं. ३६९७३०९६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५९/०६/२४<br>बाबुको नाम : राम दयाल यादव<br>बाजेको नाम : सिया लाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६</td><td>२. नाम : श्रीमती समरीया यादव<br>ना.प्र.नं. ३६९७०९३६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३७/०६/२१<br>पतिको नाम : राम दयाल यादव<br>ससुराको नाम : सिया लाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६</td></tr>
<tr><td></td><td>३. नाम : बिमल देवी यादव<br>ना.प्र.नं. ३६९७३२३३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६०/०८/१५<br>पतिको नाम : हिरावन यादव<br>ससुराको नाम : राम दयाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६</td><td>४. नाम : संगिता कुमारी यादव<br>ना.प्र.नं. १८-०१-७२-०३२९७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७२/०८/२०<br>पतिको नाम : हिरा यादव<br>ससुराको नाम : राम दयाल यादव<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ६</td></tr>
<tr><td></td><td colspan="2">धितोको विवरण</td></tr>
<tr><td></td><td colspan="2">१. श्रीमती समरीया यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १ ख स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः ०-१-२.५-० र ०-०-७-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. हिरावन यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. १ क स्थित कित्ता नं. ७१६ को क्षेत्रफल ०-१-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td>क्र.सं.</td><td colspan="2">शाखा कार्यालय : परवानीपुर, बारा</td></tr>
<tr><td></td><td>ऋणीको नाम, ठेगाना</td><td>जमानतकर्ताको विवरण</td></tr>
<tr><td>१.</td><td>नाम : कृष्ण कुमारी<br>ना.प्र.नं. ३३१०१०/१०५४, जि.प्र.का. बारा<br>जारी मिति : २०६५/०९/१७<br>पतिको नाम : जय करण गुप्ता<br>ससुराको नाम : महावीर सा कानु<br>ठेगाना : बारा जिल्ला, देवापुर वडा नं. ६<br>हाल : बारा जिल्ला, सिम्रौनगढ न.पा. वडा नं. १०</td><td>नाम : जयकरण गुप्ता<br>ना.प्र.नं. २२९५४, जि.प्र.का. बारा<br>जारी मिति : २०६३/८/१०<br>बाबुको नाम : महावीर सा कानु<br>बाजेको नाम : नथुनी साह कानु<br>ठेगाना : बारा जिल्ला, देवापुर वडा नं. ६<br>हाल : बारा जिल्ला, सिम्रौनगढ न.पा. वडा नं. १०</td></tr>
<tr><td></td><td colspan="2">धितोको विवरण</td></tr>
<tr><td></td><td colspan="2">कृष्ण कुमारीको नाममा मालपोत कार्यलय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १६ स्थित कित्ता नं. २१० को क्षेत्रफल १०१.५८ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।</td></tr>
</table>

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
परवानीपुर, बारा, फोन नं. ०५१-४१००३१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



**जय जनता क्याम्पस**
**गड़हिया डुमरिया, सर्लाही**

**बोलपत्र आव्हानको सूचना**

प्रकाशन मिति : २०८१/०८/१२ (२७/११/२०२४)

यस क्याम्पसको बोलपत्र सम्बन्धी सूचना IFB No. JJC/NCB/WORKS/01/2081-82 http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नु हुन तथा सम्बन्धित website : http//bolptra.gov.np/egp visit गर्नु हुन अनुरोध छ ।

**क्याम्पस प्रमुख**



**Madhesh Institute of Health Sciences**
**Provincial Hospital**
**Janakpurdham**

**Bid Addendum Notice No. 2**

**Bid Addendum Publication Date: 28 November 2024**

Addendum is done in IFB No. MIHS/NCB/GOODS/2081-82/02 ; The Procurement of supply and delivery of Aama Surakshya Karyakram Medicine and Surgical Goods; Published on 28 October 2024. For details on Bid Addendum, visit www.bolpatra.gov.np/egp

# भगवान रामको प्रतीकात्मक जयन्ती अयोध्याबाट प्रस्थान

**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाहपञ्चमी महोत्सवको तयारीमा जानकी मन्दिर जुटिरहँदा भारतको अयोध्याबाट जनकपुरधामका लागि जन्ती प्रस्थान गरेको छ ।

प्रत्यके पाँच वर्षमा भारतको अयोध्याबाट प्रतीकात्मक रामको जयन्ती जनकपुरधाम आउने गरेको छ ।

जनकपुरधामका लागि प्रस्थान गरेको जन्तीमा भारतको विभिन्न राज्यबाट आएका साधुसन्तहरुको सहभागिता रहेको छ ।

अयोध्यास्थित रामसेवकपुरम्बाट जनकपुरधामका लागि प्रस्थान गर्नु अघि श्रीराम जन्मभूमि तीर्थ क्षेत्रका महामन्त्री चम्पत रायले नारिवल फोडेर जन्तीका लागि विदाइ गरेका थिए । जन्तीहरु साना तथा ठूला गरी एक सयभन्दा बढी जति सवारीसाधन रहेको जनाइएको छ ।

सो सवारीसाधनमा भगवान राम, भरत, सत्रुधन र लक्ष्मणसहित चार जना भाईहरुको स्वरुपसहितका झाँकीसमेत रहेको विश्व हिन्दू परिषद्का अन्तर र्राष्ट्रिय मन्त्री राजेन्द्र सिंहले जनाएका छन् ।



अयोध्यास्थित राम मन्दिरको प्राण प्रतिष्ठापछि पहिलो पटक भगवान रामको जन्ती जनकपुरधामका लागि प्रस्थान गरेको छ ।

भारतको १७ प्रान्तका रामभक्त तथा साधु-सन्तहरु सीताराम विवाहपञ्चमी महोत्सवमा जन्तीको रुपमा सहभागी हुने छ । यही मंसिर २१ गते हुने विवाह पञ्चमीको दिन सीतारामको विवाह सम्पन्न गराउनका लागि तिरुपति बालाजीबाट करिब ४० वैदिक ब्राह्मणको समूह पनि जनकपुरधाम आउने छन् । भारतको बक्सर, पटना, काँटी, सीतामढ़ी पुनौराधाम आदि स्थानमा विश्राम गर्दै जन्तीहरुको समूह नेपालको जनकपुरधाम आइपुग्ने छन् ।

सीताराम विवाहपञ्चमी महोत्सवको परम्परालाई तोड्दै जानकी मन्दिरले पहिलोपटक विश्व हिन्दू परिषद्को अगुवाईमा निमन्त्रणापत्र र तिलकसहितको भार लिएर अयोध्या गएको थियो ।

विगतमा जनकपुरधामस्थित राम मन्दिरमा तिलक लिएर जाने परम्परा रहेको थियो । हिन्दु संस्कार अनुसार हजाममार्फत अयोध्यामा निमन्त्रणा पत्र पठाइने गरिन्थ्यो ।

# हुण्डी कारोबारको आरोपमा १४ जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा चार महिनामा मात्रै १४ जनालाई प्रहरीले हुण्डी कारोबारको आरोपमा पक्राउ गरेका छन् ।

चालू आर्थिक वर्ष ०८१/८२ को चार महिनामा अवैध हुण्डी कारोबार गरेको आरोपमा १४ जना पक्राउ गरेको प्रदेश प्रहरी कार्यालय मधेश प्रदेशले जनाएको छ ।

पक्राउ परेकाहरूको साथबाट अवैध ९८ लाख २६ हजार ६९० रुपैयाँ बरामद भएको प्रदेश प्रहरीले जनाएको छ । मधेश प्रदेश प्रहरी कार्यालयले जनाए अनुसार अवैध हुण्डी कारोबारमा पक्राउ परेकाहरूमध्ये ९ जनामाथि मुद्दा दर्ता भएको छ । हुण्डी कारोबारको आरोपमा सबैभन्दा बढी सिराहामा चारजना पक्राउ परेको थियो भने दुईजनाविरुद्ध मुद्दा दर्ता भएको छ । उनीहरूको साथबाट अवैध




रकमस्वरुप ३० लाख १९ हजार ८९० रुपैयाँ बरामद भएको छ ।

त्यस्तै धनुषा र महोत्तरीमा तीन/तीनजना पक्राउ परेका प्रदेश प्रहरी कार्यालयका सूचना अधिकार ीसमेत रहेका प्रहरी उपरीक्षक सुवासचन्द्र बोहराले जानकारी दिए ।

धनुषामा पक्राउ परेकाहरूको साथबाट १९ लाख रुपैयाँ बरामद भएको छ भने महोत्तरीमा पक्राउ परेकाहरूबाट २९ लाख ८६ हजार आठ सय रुपैयाँ बरामद भएको जनाइएको छ । जसमध्ये धनुषामा एकजना र महोत्तरीमा तीनजनामाथि मुद्दा दर्ता गरिएको प्रहरी उपरीक्षक बोहराले बताए ।

त्यस्तै रौतहट र बारामा दुई/दुईजना पक्राउ परेका छन् । रौतहटमा पक्राउ परेकाहरूको साथबाट ९ लाख रुपैयाँ र बारामा पक्राउ परेकाहरूको साथबाट १० लाख २० हजार रुपैयाँ बरामद भएको प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख गरिएको छ । रौतहटमा पक्राउ परेका दुईजना र बाराका एकजनामाथि मुद्दा दर्ता भएको छ । प्रहरी तथ्यांकले जनाएअनुसार मधेश प्रदेशको सर्लाही, सप्तरी र पर्सा जिल्लामा अहिलेसम्म हुण्डी कारोबारको आरोपमा एकजना पनि पक्राउ परेका छैनन् ।

प्रहरी उपरीक्षक बोहराले हुण्डी कारोबारमा पक्राउ परेका केहीलाई पक्राउ परेको रकमसहित भन्सार कार्यालयमा पनि पठाउने गरिएको बताए ।

यसअघि गत आर्थिक वर्ष ०८०/८१ मा अवैध हुण्डी कारोबारमा प्रदेशमा २७ जना पक्राउ परेका थिए । जसमध्ये १५ जनाविरुद्ध मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाइएको उनले बताए । पक्राउ परेकाहरूको साथबाट एक करोड २६ लाख १५ हजार सात सय रुपैयाँ बरामद भएको थियो भने जसमध्ये भारतीय रकम ९८ हजार रुपैयाँ मात्र बरामद भएको थियो ।

# धनुषाधाम नगरपालिका-१ मा उम्मेदवारहरु घरदैलोमा व्यस्त

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर-१ मा वडाअध्यक्षको लागि हुने स्थानीय तहको उपचुनावमा मुख्य दलबीच प्रतिस्पर्धा देखिएको छ । चुनाव नजिकिदै जाँदा मतदाता फकाउन उम्मेदवारहरु घरलैलोमा व्यस्त छन् ।

धनुषाधाम- १ मा निरन्तररुपमा नेपाली कांग्रेसले जित्दै आएको छ । त्यसैले कांग्रेसले आफ्नो क्षेत्रलाई निरन्तरता दिनका लागि सक्रिय देखिएका छन् भने उनका निकटतम् प्रतिद्वन्द्वीहरु नेकपा एमाले र नेकपा माओवादी केन्द्रका उम्मेदवारहरु उनलाई पछ्याइरहेका छन् ।

नेकपा एमालेबाट प्रमोद यादव, कांग्रेसबाट अशोककुमार मण्डल, नेकपा माओवादी केन्द्रबाट सुनिल कापर केवट, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट रामनरेश दास, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट रामदेवसिंह दनुवार, जसपा नेपालबाट अजयकुमार यादव, जनमत पार्टीबाट कुशेश्वर मण्डल, बहुजन एकता पार्टीबाट प्रमिला कुमारी सदा उम्मेदवार छन् । भने स्वतन्त्र उम्मेदवारहरु पनि तामझामसहित सक्रिय छन् ।

कांग्रेसका उम्मेदवार मण्डलले विगतमा पनि कांग्रेसका वडाअध्यक्षले गरेका राम्रा



कामको जस जनतामा पाउने गरेको र बाँकी कामको अभिभारा जनताले पूरा गर्ने पक्षमा जनता देखिएको बताए ।

२०७९ को स्थानीय तह निर्वाचनमा कांग्रेसका विश्वनाथ यादव ठूलो मतान्तरले निर्वाचित भएका थिए । उनले ६१८ मत ल्याएर वडाध्यक्ष जित्दा निकटतम प्रतिद्वन्दी एमालेका उम्मेदवार प्रमोद यादवले ३७७ मा मत पाएका थिए भने ३६९ मतसहित तेस्रो स्थानमा रहेका माओवादी केन्द्रका सुनिल कापर केवट उपनिर्वाचनमा पनि उम्मेदवार बनेका छन् ।

एमालेका उम्मेदवार प्रमोद यादव जस्तै माओवादी केन्द्रका उम्मेदवार सुनिल कापरले घरदैलो सकाइसकेका छन् । उनले आफ्नो पक्षमा माहोल बनाउन भेटघाटलाई तीव्रता दिएको बताए ।

माओवादी केन्द्रका उम्मेदवारलाई नेकपा एकीकृत समाजवादीले समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएका थिए । नेकपा एसबाट मनोनयन दर्ता गराएका गोपाली साहले माओवादी उम्मेदवार कापरलाई समर्थन गरी उम्मेदवारी फिर्ता लिएका थिए ।

बिरासत जोगाउन कांग्रेस चुनावी तयारीमा जुटेको छ । कांग्रेसका उम्मेदवार अशोक विगतमा पनि कांग्रेसका वडाअध्यक्षले गरेका राम्रा कामको जस जनतामा पाउने गरेको र बाँकी कामको अभिभारा जनताले पूरा गर्ने पक्षमा जनता देखिएको मण्डलको भनाइ छ ।

राजनीतिक दलका नेताहरुले आ-आफ्नो पार्टीका उम्मेदवारलाई जिताउनका लागि दौडधुपलाई बढाएका छन् ।

# संसदीय समितिद्वारा कारागारको निरीक्षण

**टुडे समाचारदाता**

राजविराज । कानुन, न्याय तथा मानव अधिकार संसदिय समितिको टोलीले बुधबार राजविराज कारागार तथा थुनुवाकक्षको स्थलगत निरिक्षण गरी आवश्यक जानकारी लिएको छ ।

समितिका सभापति विमला सुवेदी तथा सदस्य रञ्जु ठाकुर, पुष्पबहादुर शाह, शेरबहादुर कुँवर, नविना यादव र प्रतिक्षा तिवारी सम्मिलित टोलीले राजविराज कारागार तथा जिल्ला प्रहरी कार्यालय सप्तरीस्थित थुनुवाकक्षको निरीक्षण गरेको छ ।

सो क्रममा थुनुवा कक्ष तथा कारागारमा रहेका कैदी/बन्दीको समस्याबारे साक्षात्कार गर्नुका साथै टोलीले समाधान र सुधारका लागी गरिनु पर्ने कार्यहरुबारे सुरक्षा निकायका प्रमुख तथा सञ्चारकर्मीहरु सीत सुझाव समेत लिएका छन् ।



संसदीय समितिद्वारा कारागार र थुनुवा कक्षको निरीक्षण गरिएको यो पहिलो पटक छ । यसबारे जिल्ला प्रहरी कार्यालय सप्तरीमा आयोजित छलफलमा प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले थुनुवाको अवस्था तथा विद्यमान समस्याका बारेमा संसदीय टोलीलाई जानकारी दिएका थिए ।

यसैगरी सप्तरी कारागरामा विद्यमान समस्या र थुनुवाको अवस्थाका बारेमा जानकारी गराउँदै संचारकर्मीहरुले राजविराज कारागारको जीर्ण भवन संरचना, क्षमता भन्दा चौब्बर कैदी/बन्दी राख्दा उत्पन्न समस्या तथा कारागारको बर्षौ देखी अतिक्रमणमा परेका जग्गा खाली गराउन नसक्दा थपिएको सुरक्षा चुनौती लगायतका समस्या उठान गर्दै समाधानका लागी पहल गर्न सुझाएका थिए ।

टोलीकी सदस्य सांसद रञ्जु कुमारी ठाकुरले हिरासतमा रहेका बन्दीहरुको अवस्था, समस्या, अधिकार, कारागार र थुनुवाकक्ष भवन संरचनाको अवस्था लगायतका विषयमा टोलीले अध्ययन गरी समाधानका उपायसहित सरकारलाई प्रतिवेदन बुझाउने बताइन् । उनले विगतका कानुनमा देखिएका त्रुटिमा सुधार र आवश्यक पर्ने विषय समेटेर परिर्माजनका लागि समेत यस्तो निरीक्षण फलदायी हुने विश्वास व्यक्त गरिन् ।

# आगलागी हुँदा उद्योग जलेर नष्ट



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिकामा एक्कासी आगो लाग्दा एक टपरी उद्योग जलेर नष्ट भएको छ । गएराति आगो लाग्दा बटेश्वर गाउँपालिका वडा- ३ स्थित राजमकुमार महतोको घरमा आगो लाग्दा टपरी उद्योग जलेर नष्ट भएको छ ।

रामकुमारले आफ्नै घरमा टपरी उद्योग सञ्चालन गर्दै आएका थिए । घरमा आगो लाग्दा उद्योग पनि जलेर नष्ट भएको उनको छिमेकी फुलगेन महतोले जानकारी दिए । छिमेकीका अनुसार सम्पूर्ण सामान जलेर नष्ट भएको छ । करिब ४० लाख बराबरको नोक्सानी भएको अनुमान गरिएको छ ।

धनुषा जिल्ला प्रहरी कार्यालयका अनुसार पूजाको धूपबाट आगो लागेको अनुमान गरिएको छ । महेन्द्रनगरबाट खटिएका नेपाल आर्मी र विशेष सुरक्षा बल ढल्केबर टोली तथा स्थानीयको सहयोगमा मंगलबार राति नै आगो नियन्त्रणमा लिएको थियो ।

# लाखौं रुपैयाँ र सुनसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जबाट एक युवालाई सुनको चोरीपैठारी गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ । जिल्लाको वीरगञ्ज-१५ भेडीयाहीका २८ वर्षीय जयप्रकाशकुमार सोनारलाई बुधबार वीरगञ्ज-८ को लिंक रोडस्थित सानिमा बैंक अगाडिबाट प्रहरीले पक्राउ गरेको छ । उनको साथबाट प्रहरीले १ सय ७ ग्राम ८९ मिलिग्राम सुन फेला परेको जनाएको छ ।

सुनको तस्करी भइरहेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले मंगलबार दिउँसो ३ बजेर ४० मिनेटमा सोनारलाई पक्राउ गरेको छ । शंकास्पद रुपमा आउँदै गरेको ना ६२ प २७०५ नम्बरको मोटरसाइकल रोकी खानतलासी गर्दा सोनारले लगाएको कालो जिन्सको पाइन्टको खल्तीमा कागजमा बेरेर राखिएको सो परिमाणको सुन फेला परेको थियो ।

बरामद भएको सुन परीक्षणका लागि सुनचाँदी व्यवसायी संघ पर्सामा पठाइएकोमा संघको मंगलबार प्राप्त पत्रबाट सो बस्तु सुन रहेको र त्यसको बजार मूल्य १३ लाख ८८ हजार ४ सय ३६ रुपैयाँ रहेको भन्ने परीक्षण प्रतिवेदनबाट खुलेको छ ।



सुनको साथमा सुनको खरिद बिक्रीको कागजात नरहेकाले सो सुन बोक्न प्रयोग भएको मोटरसाइकलको मूल्य एक लाख कायम गरी सोनारलाई थप अनसुन्धान तथा कारबाहीको लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको पर्सा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए ।

# पञ्चकर्म तथा प्राकृतिक चिकित्सा शिविर




**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मनराशिस्वा नगरपालिकामा सात दिने पञ्चकर्म तथा प्राकृतिक चिकित्सा शिविर सम्पन्न भएको छ ।

मनराशिस्वा नगर आयुर्वेदको चिकित्सालयमा आयोजित सातदिने शिविरमा सहभागीहरुलाई पञ्चकर्म, योगा तथा प्राकृतिक चिकित्साका सम्पूर्ण क्रियाहरु गराइएको थियो ।

नसर्ने रोग रोकथाम तथा नियन्त्रण गर्ने मुख्य उद्देश्यका साथ संचालन गरिएको शिविरको अन्तिम दिनमा सहभागिहरुमा उच्च रक्तचाप, मधुमेहलगायत पाचन तथा स्वासप्रश्वास सम्बन्धीको समस्यामा देखिएको सुधारको अनुभव समेत संकलन गरिएको थियो ।

पञ्चकर्म तथा प्राकृतिक चिकित्सा शिविरमा ३७ जना सहभागी रहेका थिए ।

सो शिविरमा सहभागिहरुको रगत जाँच, उच्च रक्तचापलगायत विभिन्न जाँच गरी पहिलो दिनको तथ्यांक संकलन गरी त्यसपछिको प्रत्येक दिनको शिविरमा उनीहरुको स्वास्थ्य अवस्थाको तथ्यांक संकलन गर्ने गरिएको नगर आयुर्वेद चिकित्सालाय मनराका प्रमुख संजय यादवले जनाएका छन् ।

पञ्चकर्म तथा प्राकृतिक चिकित्सा शिविर लाभदायक र फलदायक समेत रहेको स्थानीय रामदिनेश चौधरीले बताएका छन् ।

मनराशिस्वा नगरपालिकाका मेयर मोहन पाण्डेयले शिविरमा गरिएको अभ्यास सहज र कम खर्चिलो भएकोले यसलाई घरमा निरन्तर अभ्यास गरेसँगै योगा अभ्यासलाई पनि नछोड्न सहभागीहरुसंग आग्रह गरे । उनले एकीकृत उपचार पद्धति मार्फ़त नगरपालिकाको स्वास्थय अवस्थालाई सबल सक्षम बनाउने योजना सहित स्वास्थ्य सेवामा स्थानियको पहुँच सहज बनाउन नगरपालिकाको लक्ष्य रहेको जानकारी दिए ।

सातदिने शिविरमा जलनेती, योगा अभ्यास, माटोपट्टी, माटो स्नान, अकुप्रेसर अभ्यास, शरीरमा तेल मालिश, बवन, बस्ती, बाफ स्नान जस्ता पंचकर्म तथा प्राकृतिक चिकित्साको अभ्याससंगै करेला, गोलभेडा, क्राक्रो, एलोवेरालगायतका जुसको सेवन सहभागीहरुले सातदिने शिविरमा सेवन गरेका थिए ।

## वायु प्रदुषणबाट जोगिऔं

**वायु प्रदुषणले:**

- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वास सम्बन्धी रोग लाग्न सक्छ,
- मुटु, रक्तसञ्चार प्रणाली, मष्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुख्खाखोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- शहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ ।

**त्यसैले:**

- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरु कालोपत्रे गरौं,
- घर तथा कार्यालय एवं खाली स्थानमा वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

**वायु प्रदुषणको असरबाट बचौं र बचाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८